का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १७४
- २५ साउन २०७८, सोमबार
- 9 August 2021, Monday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



*निम्त्याइएको प्रकोप: त्रिभुवन राजपथको खत्री पौवामा राजमार्ग फराकिलो पार्न सडक तलबाट खनेपछि जोखिममा परेको बस्ती त्रिपाल ओडाएर सुरक्षित गरिँदै । तस्वीर: सीताराम अधिकारी, रासस*

# बालुवाटारमै दुई गुट !





**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएपछि लगातार राजनीतिक दौडधुपमा छन् । गएको ७ जेठमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गर्नु अघिल्लो दिनबाटै देउवाको सक्रियता बढेको थियो । ओलीले संविधानको धारा ७६ (३) बमोजिम प्रधानमन्त्री निर्वाचित भएपनि विश्वासको मत नलिइकन धारा ७६ (५) बमोजिम सरकार बनाउन मार्गप्रशस्त गर्ने निर्णय लिएपछि देउवाको सक्रियता एकाएक बढ्यो ।

काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूह, जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादव समूह र राष्ट्रिय जनमोर्चा बीच बाँकी पृष्ठ २ मा

> प्रतिनिधिसभा पुनर्स्थापना गर्दै सर्वोच्च अदालतले परमादेश दिएपछि असार २९ मा नियुक्त प्रधानमन्त्री शेरबहादुर देउवाले महिना दिन पुग्न लाग्दा आफ्नो नीजि सचिवालय समेत बनाउन सकेका छैनन् ।

# एमसीसीबारे सरकार मौन

> विवादित अमेरिकी परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे सरकारले मौन बस्ने संकेत गरेको छ । साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनको प्रमुख कारण भनेको एमसीसीबारे सरकार मौन रहने संकेत आइतबार सार्वजनिक न्यूनतम साझा कार्यक्रम तथा कार्यविधिबाट प्रष्ट पारिएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ साउन ।

सरकार बनेको महिना दिन पुग्न लाग्दा समेत मन्त्रिपरिषद् बिस्तार गर्न नसकेका सत्तारुढ गठबन्धनले सरकारका न्यूनतम साझा कार्यक्रम तथा कार्यविधि सार्वजनिक गरेको छ । घोषणापत्रकै झल्को दिनेगरी प्रधानमन्त्री शेरबहादुर देउवा सहित गठबन्धनका नेताहरुले कार्यविधि सार्वजनिक गरेको हो ।

उक्त कार्यविधिले विवादित परियोजना अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे भने मौन रहेको छ । साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजनको प्रमुख कारण भनेको एमसीसीबारे उक्त पत्रमा उल्लेख गरिएको छैन । प्रधानमन्त्री देउवा एमसीसी पारित गराउने पक्षमा थिए भने सत्तारुढ घटक नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा) विपक्षमा छन् । माओवादी केन्द्र र जसपा जस्ताको त्यस्तै एमसीसी पारित गराउन नहुने पक्षमा उभिदै आएका छन् ।

तर देउवा नेतृत्वको गठबन्धन सरकार यो परियोजनाबारे मौन रहने संकेत गरेको छ । बरु, आइतबार सार्वजनिक नीति तथा कार्यक्रममा सरकारले गर्ने कार्यक्रमहरु उल्लेख गरिएको छ ।

सरकारले मुलुकको आर्थिक समृद्धिका लागि जलविद्युत तथा ऊर्जा क्षेत्रलाई विशेष प्राथमितामा राखी आफ्ना नीति तथा कार्यक्रम सञ्चालन गर्ने भएको छ । त्यसका लागि स्वदेशी तथा विदेशी लगानीलाई थप प्रोत्साहित तथा विविधकरण गरिनेछ ।

मुलुकको ऊर्जा सुरक्षाका लागि जलाशयुक्त आयोजना नै उत्तम र अपरिहार्य विकल्प भएको निष्कर्षमा सरकार पुगेको छ । नीतिअनुसार काम भएको खण्डमा प्रदेश नं २ बाहेक हरेक प्रदेशमा एक/एक वटा जलाशयुक्त आयोजना निर्माणको प्रक्रिया शुरु हुने छ । निर्माणमा जान ठिक्क परेका बुढीगण्डकीजस्ता आयोजना शुरु हुनेछन् ।

मझौला आयोजना स्वदेशी लगानीमा निर्माण हुन सक्ने अवस्था भए पनि ठूला आयोजनाका लागि विदेशी लगानीकर्ता नै खोज्नुपर्ने वाध्यता छ । मुलुकको अर्थतन्त्रको आकार तथा अन्य प्राविधिकलगायत कारणले पनि विदेशी लगानीकर्ता ठूला आयोजनाका लागि आवश्यक रहेको जानकार बताउँछन् ।

माथिल्लो तामाकोशीको सफल कार्यान्वयनपछि कूल ९०० मेगावाटसम्मका आयोजना अब स्वदेशी लगानीमा निर्माण गर्न सकिन्छ भन्ने आत्मविश्वास प्राप्त भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको भनाइ छ । गठबन्धन सरकारको नीति तथा कार्यक्रममा विद्युत् उत्पादन र वितरण प्रणालीबीच तादात्म्यता कायम गर्ने गरी पूर्वाधार विकास गर्ने विषय समेटिएको छ ।

बिजुली उत्पादन भएर मात्रै नहुने भएकाले प्रसारण तथा वितरण प्रणालीको विकासलाई पनि सोही आधारमा समानान्तर रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता महसुस भएअनुसार यस्तो नीति तय गरिएको हो । नेपाल विद्युत् प्राधिकरणका अनुसार वितरण प्रणालीको अभावमा अहिले पनि औद्योगिक करिडोरमा उद्योगीले मागे अनुसारको बिजुली उपलब्ध गराउन सकिएको छैन । प्राधिकरणमा झण्डै ५०० मेगावाट थप बिजुली माग भएको अवस्था छ ।

उत्पादित बिजुली खेर जाला कि भन्ने चिन्ता छ । यही चिन्तालाई सम्बोधन गर्न सरकारले उद्योगधन्दा, कलकारखाना, यातायातको विकास गर्ने भएको छ । औद्योगिक करिडोरमा प्रसारण लाइनको निर्माण, भएकाको क्षमता वृद्धि तथा विस्तार गरिनेछ ।

यस्तै, गरिब तथा विपन्नलाई २० युनिटसम्म बिजुली निःशुल्क दिने विषय संयुक्त कार्यक्रममा समेटिएको छ । प्राधिकरणका अनुसार करिब २० लाख ग्राहक यो सुविधाबाट लाभान्वित हुनेछन् । नेपालको संविधानले प्रत्याभूत गरेको समाजवादको आधारस्तम्भ खडा गर्ने लक्ष्यका साथ यो कार्यक्रम अगाडि सारिएको ऊर्जा मन्त्रालयको भनाइ छ । गरिब, विपन्नलाई राज्यले सेवा दिनुपर्छ भन्ने मान्यताका साथ यो प्रावधान राखिएको हो । प्राधिकरणलाई यो सुविधा दिएवापत झण्डै रु एक अर्ब बराबरको स्रोतको चाप पर्नेदेखिन्छ । प्राधिकरणलाई चाप पर्ने भए पनि लोककल्याणकारी राज्यको मान्यताअनुसार विपन्नलाई ऊर्जाको पहुँच पुऱ्याउन यो कार्यक्रम राखिएको हो । कूल ऊर्जा खपतमा नेपालको स्थान असाध्यै न्यून रहेको सन्दर्भमा आन्तरिक खपत बढाउने सरकारको लक्ष्य छ ।

## गठबन्धन सरकारको वैदेशिक रोजगार प्रतिवद्धता

# सुरक्षित, मर्यादित, सुलभ ऋण र मताधिकार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ साउन

प्रधानमन्त्री शेर बहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले वैदेशिक रोजगारलाई मर्यादित, व्यवस्थित र सुरक्षित गर्दै विदेशमा रहेका नेपाली नागरिकहरुले प्राप्त गरेको पुँजी र प्रविधिको उच्चतम प्रयोग गर्ने नीति सार्वजनिक गरेको छ ।

आइतबार गठबन्धन सरकारले न्युनतम साझा नीति तथा कार्यक्रम सार्वजनिक गर्दै उक्त नीति सार्वजनिक गरेको हो । न्युनतम साझा कार्यक्रममा कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी प्रकोपका कारण उत्पन्न वैदेशिक रोजगारको समस्यालाई हल गर्न वैदेशिक रोजगारलाई सुरक्षित तथा मर्यादित बनाउन कूटनीतिक संयन्त्र परिचालन गर्ने उल्लेख छ ।

त्यसैगरी न्युनतम साझा कार्यक्रममा मजदुर, किसान, बौद्धिक पेशाकर्मीहरु लगायत श्रमजिवी वर्गको कामको सम्मानका साथै रोजगारको ठोस् नीति बनाउने, शैक्षिक बेरोजगारलाई प्रमाणपत्र धितो राखी दिइने ऋण सहजरुपमा उपलब्ध गराउने उल्लेख छ ।

विकासको मुल उद्देश्य मानव विकास र यसको मुख्य आधार श्रम नै भएको भन्दै न्युनतम साझा कार्यक्रमले श्रमको सम्मान गर्ने संस्कृतिलाई प्रोहत्साहित गर्न देशका उत्पादनका कृयाकलाप वृद्धि गरी रोजगारी प्रदान गर्न वैदेशिक रोजगारबाट प्राप्त पुँजी र प्रविधिसहित फर्किएका नेपालीलाई देशमा रोजगारमुलक व्यवसाय गर्न प्रोहत्साहित गर्नेसमेत कार्यक्रममा उल्लेख छ ।

त्यसैगरी न्युनतम साझा कार्यक्रमले गैर आवासीय नेपाली संघ तथा वैदेशिक रोजगारमा रहेका नेपाली कामदारहरुले लामो समयदेखि मागका रुपमा उठाउँदै आएको मतदानको व्यवस्था गर्नेसमेत प्रतिवद्धता जनाएको छ ।

विदेशमा रहेका नेपाली नागरिकहरुले पनि स्वदेशको निर्वाचनमा मतदाता हुन पाउने व्यवस्था गर्न सर्वोच्च अदालतले करिब तीन वर्ष अघि नै सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो ।

लाखौंको संख्यामा युवाहरु विदेशमा कार्यरत रहेको र देशको अर्थतन्त्र नै उनीहरुले पठाएको रेमिट्यान्समा आधारित रहेको अवस्थामा उनीहरुलाई मतदानको अवसर दिए त्यसले नेपालको राजनीतिक परिदृश्य नै फेरबदल गरिदिने कतिपयको आंकलन छ ।

निर्वाचन व्यवस्थापनका कतिपय जानकारहरूले नेपालका कूटनीतिक संयन्त्रको उचित व्यवस्थापनको अभाव, सरकारी स्रोत परिचालन र संरचनागत अवस्थाको कमजोरीका कारण तत्कालका लागि विदेशबाट आम निर्वाचनमा मतदान गर्ने बातावरण बनाउन सहज नभएको टिप्पणी गर्दै आएका छन् ।

सर्वोच्च अदालतले २०७४ चैतमा सरकारका नाममा दिएको निर्देशनात्मक आदेशमा संविधानले दिएको अधिकारको प्रयोग गर्दै विदेशमा रहेका नेपालीहरूसमेत मतदानमा सहभागी हुन सम्भव भएको उल्लेख गरेको छ ।




## इजरायलका लागि १२ दिनमा २० हजारले बनाए युजर आइडी

**काठमाडौं/मस–** इजरायलको रोजगारीका लागि करिब २० हजारले आवेदनका लागि यूज़र आई डी बनाएका छन् । आवेदन खुला गरेको १२ दिनको अवधिमा उक्त आवेदन परेको हो । विभागले २१ दिनको अवधि दिएर आवेदन खुला गरेको हो । आइतबार साँझसम्म १९ हजार ९५ जना आवेदनकर्ताले युजर आइडी बनाएको र त्यसमध्ये तीन हजार आठ सय जनाले तोकिएका कागजपत्रसहित आवेदन दिएको विभागको इजरायल शाखाका प्रमुख उपसचिव डम्बर सुनुवारले जानकारी दिए । विभागका अनुसार एक हजार ६ सय ५१ जना महिला र २ हजार १ सय ६१ जना पुरुष रहेका छन् ।

विभागका महानिर्देशक कृष्णप्रसाद दवाडीले रोजगारीमा जान चाहनेले विभागको बेवसाइटमा गएर सजिलै अनलाइन फारम भर्न सक्ने बताए । इजरायल सरकारले पहिलो चरणमा केयर गिभर क्षेत्रमा मात्र नेपाली कामदार लिन खोजेको हो । यसपछि क्रमशः कृषि, होटल, रेष्टुरेण्ट, निर्माण लगायतका क्षेत्रमा पनि इजरायल सरकारले नेपालीलाई रोजगारीको अवसर दिने जनाइएको छ ।

आवेदन दिएकामध्येबाट छनोट भइसकेपछि इजरायलमा ३० प्रतिशत अर्थात तीन सय जना पुरुष र ७० प्रतिशत बाँकी पृष्ठ २ मा

## प्रन्याको जवाफ

# अध्यादेशबाट नियुक्ति वैधानिक

**विष्णलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २४ साउन

काठमाडौं/मस- प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संवैधानिक नियुक्ति कानून सम्मत भएको राय पेश गरेका छन् । ओलीले गएको मंसिर ३० गते अध्यादेश ल्याएर १२ संवैधानिक आयोगमा ३८ नियुक्ति सिफारिस गरेका थिए । यसपछि ओलीले ५ पुसमा प्रतिनिधिसभा नबोलाई बिघटन नै गरेका थिए ।



उक्त अध्यादेशअनुसार, प्रमुख विपक्षी दलका नेता, प्रतिनिधिसभाका उपभामुख र उपसभामुख नभए पनि संवैधानिक परिषद्ले नियुक्ति सिफारिस गर्न सक्ने व्यवस्था गरेको थियो । उक्त अध्यादेश र नियुक्तिहरुको चर्को विरोध भएको थियो । तर ओलीले प्रधानन्यायाधीश र राष्ट्रियसभा अध्यक्ष उपस्थित बैठकबाट संवैधानिक नियुक्ति सिफारिस गरेका थिए ।

यो अध्यादेशबाट गरिएको नियुक्तिको विरुद्धमा सभामुख अग्निप्रसाद सापकोटाले रिट दायर गरेका थिए । तर प्रन्या जबराले अध्यादेश मार्फत् गरिएको नियुक्ति कानून सम्मत भएको राय पेश गरेका छन् । महान्यायाधिवक्ता कार्यालयमार्फत सर्वोच्च अदालतमा पेश गरिएको प्रधानन्यायाधीश राणाको लिखित जवाफमा संवैधानिक परिषद्ले संविधानले प्रदान गरेको अधिकारक्षेत्र भित्र रहेर संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ अनुसार गरिएका निर्णय कानून सम्मत रहेको उल्लेख छ ।

प्रधानन्यायाधीश राणाको लिखित जवाफमा संवैधानिक परिषद्को निर्णय असंवैधानिक भन्न नमिल्ने भएकाले उक्त रिट निवेदन खारेज हुनुपर्ने तीन आधार प्रस्तुत गरिएको छ । बाँकी पृष्ठ २ मा

# भूमि आयोग खारेज गर्ने निर्णय बदर गर्न माग गर्दै रिट

**काठमाडौं/मस–** सर्वोच्च अदालतमा भूमीसम्बन्धी समस्या समाधान आयोग खारेज गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न आदेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ ।

विघटित भूमी आयोगका अध्यक्ष देवीप्रसाद ज्ञवालीका तर्फबाट अधिवक्ता महेश भट्टराईले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री शेरबहादुर देउवालगायत विपक्षी बनाइ आइतबार दायर गरिएको रिट निवेदनमा भूमीसम्बन्धी समस्या समाधान आयोग खारेजीको निर्णय बदर गर्न माग गरिएको छ । रिट निवेदनमा भूमीहित दलितको संवैधानिक हक र भूमीहीन सुकुम्वासीको कानूनी मार्गलाई अनिश्चिततापूर्वक ढंगले अवरुद्ध गर्ने गरी भएको मन्त्रिपरिषद्को यही साउन १९ गतेको निर्णय कार्यान्वयन नगर्न आदेशको माग गरिएको छ । आयोग खारेज हुँदा भूमीहीन



दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई निर्धारित गर्ने प्रक्रियामा अवरोध पुगेको उल्लेख छ । उक्त विवादमा विभिन्न चार रिट निवेदन अदालतमा दायर भइसकेको छन् । उक्त रिट निवेदन सुनुवाइका लागि सोमबार पेशी तोकिएको छ ।

# पत्रकारहरुको दुर्घटना बीमा गरिदिने

**बिकाश काफ्ले/मध्यान्ह**
साउन २४ पाल्पा

नेपाल पत्रकार महासंघ पाल्पाको बैठकले शाखा आवद्ध पत्रकारहरुको दुर्घटना बीमा महासंघबाटै गरिदिने निर्णय गरेको छ । आइतबार सम्पन्न शाखाको बैठकले महासंघमा आवद्ध कार्यसमिति, साधारण सदस्य र कार्यालय कर्मचारीको दुर्घटना बिमा गर्ने निर्णय गरिएको शाखा अध्यक्ष रेखीराम रानाले बताए ।

बैठकले महासंघका गतिविधि, लेख रचना समेटिएको प्रवाह बुलेटिन प्रकाशनलाई रिन्तरता दिने निर्णय गरेको छ । नवनिर्वाचित वर्तमान कार्यसमितिको आगामी ३ वर्षको कार्ययोजना निर्माणका लागि सचिव यज्ञमूर्ति तिमिल्सिनाको संयोजकत्वमा सदस्यद्वय भुवन रायमाभ्की र अनिल लिगल सदस्य रहने गरी कार्ययोजना निर्माण उपसमितिको गठन गर्ने निर्णय गरेको अध्यक्ष रानाले बताए । बैठकले महासंघको संस्थागत विकास, सूचनाको हक लगायतका विषयमा जिल्लास्थित स्थानीय तहहरुसित अन्तर्क्रिया गर्ने समेत निर्णय गरेको छ ।

बैठकले महासंघको आफ्नो परिचय झल्किने वेभसाईट निर्माण गर्ने निर्णय गरेको सचिव यज्ञमूर्ति तिमिल्सिनाले बताए । बैठकले महासंघमार्फत अतिरिक्त क्रियाकलाप संचालनका लागि सहसचिव कृष्ण दर्नालको संयोजकत्वमा सदस्यहरु कृष्ण पोखरेल, दुर्गेस मल्ल, सुनिल कार्की र विजय पौडेल सदस्य रहने गरी अतिरिक्त क्रियाकलाप संचालन उपसमितिको गठन गर्ने निर्णय गरेको छ ।

## कपिलवस्तुका लेखापढी व्यवसायीले आजदेखि सम्पूर्ण सेवा बन्द गर्ने

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु २४ साउन

नेपाल लेखापढी कानून व्यवसायी एशोसियसन कपिलबस्तु तौलिहवाले आजबाट लेखापढीका सम्पूर्ण सेवा बन्द गर्ने भएको छ ।

गत बिहीबार सेवाग्राही र लेखापढीबीच भएको विवादका कारण व्यवसाय बन्द गर्ने निर्णय भएको लेखापढी एशोसियसन कपिलवस्तु तौलिहवाले जनाएको छ । सेवाग्राही बिक्रम बेल्बासे र लेखापढी सदस्य दिपेन्द्र पाण्डेयबीच विवाद भएपछि सेवाग्राहीले लेखापढी व्यवसायी पाण्डेयलाई बिना कारण प्रहरी हिरासतमा पुऱ्याएको बिरोधमा मालपोत कार्यालयमा हुने सम्पूर्ण कार्य बन्द गर्ने निर्णय भएको लेखापढी एशोसियसन कपिलवस्तुका अध्यक्ष बिष्णु प्रसाद मौर्याले मध्यान्हलाई जानकारी दिए ।

अनलाइन सेवा (भूसेवा) सुचारु भएपछि काम ढिलाई भएको कारण सेवाग्राही बेल्बासे र लेखापढी सदस्य पाण्डेयबीच हातपात भएको थियो ।

प्रहरीले एक पक्षीय कुरा सुनेर लेखापढी व्यवसायीलाई पक्राउ गरी हतोत्साहित गरेर थुनामा राखेकोले आफुहरु बाध्य भएर सेवा बन्द गर्नु परेको व्यवयायीले बताएका छन् ।

आफुहरु मेलमिलापको पक्षमा रहेपनि प्रहरीले एक पक्षीय कुरा सुनेर पाण्डेयलाई थुनामा राखेको कारण आजबाट काम बन्द गर्न निर्णय भएको एशोसियसन कपिलवस्तुले जनाएको छ ।

# गरुडाका घुमुवा प्रहरी असुली धन्दामा

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २४ साउन

रौतहटको ईलाका प्रहरी कार्यालय गरुडामा कार्यरत प्रहरी जवान विजय यादवले जिल्ला भरिमा रकम असुली मचाएका छन् । यादव ईलाका प्रहरी कार्यालय गरुडाका घुमुवा हुन् ।

घुमुवा यादवले सानो तिनो व्यापार गर्नेहरुसँग पैसा माग्ने गरेको र पैसा नदिए अनावश्यक दुःख दिने गरेको व्यापारीहरु नै बताउँछन् । कपडाको व्यापार गर्ने एक जना व्यापारीसँग घुमुवा यादवले महिनाको ४० हजार रुपैया असुली गरेको खुलासा भएको छ । रौतहट जिल्लाको राजपुर नगरपालिका वडा नं ९ बैरियाका कपडा व्यापारी अब्दुल सलामसँग यादवले तस्करी गराए बापत मासिक ४० हजार रुपैया लिएको भिडियो नै सार्वजनिक भएको छ । व्यापारी सलामले नै घुमुवा यादवले आफुसँग तस्करीवापत उक्त रकम लिएको बताएका छन् । सलामले भनेका छन्, 'मैले भारतबाट ल्याएर सानोतिनो कपडाको व्यापार गर्दै थिए सोही क्रममा घुमुवा विजय यादवसँग एक दिन भेट भयो, यादवले आफुलाई ४० हजारको महिना दे अनि तिमिलाई म तस्करीको लाइन खुल्ला गरिदिन्छु कसैले पनि तिमिलाई केही गर्दैन भनेर भन्यो आफूले भनेको जति पैसा नदिए कामै बन्द गराइदिन्छु भन्ने धम्की दिए पछि एक पटकमा २० हजार, दोश्रो पटकमा १५ हजार र तेश्रो पटक ५ हजार गरी जम्मा ४० हजार रुपैया उनलाई बुझाएको छु ।'

एक महिनाको ४० हजार रुपैया दिएपछि अब मासिक ५० हजार रुपैया दिनुपर्ने घुमुवा यादवको माग थियो । तर मैले त्यति रकम दिन सक्दिन भनेर अस्वीकार गरेको उनले बताए । घुमुवा यादवले मागेको जति रकम दिन नसक्ने बताएपछि उनले कपडा तस्करी गरेको भन्दै आफनो मोटरसाइकल सहित आफुलाई समातेको व्यापारी सलामले बताए ।

घुमुवा यादवको आतंकका कारण सानोतिनो व्यापार गरी गुजारा चलाउनेहरुलाई समस्या हुन थालेको गुनासो बढेको छ । पछिलो समय घुमुवा विजयको यस्तो गतिविधिका कारण गरुडा प्रहरी समेत बदनाम हुँदै गएको छ ।

अपराधि पत्ता लगाउनका लागि सिभिल ड्रेसमा सूचना संकलन गर्ने कार्यका लागि घुमुवा प्रहरी राख्ने गरिन्छ । तर यहाँका घुमुवा प्रहरीहरुले ठिक त्यसको विपरीत गएर सानोतिनो व्यापार गरी गुजारा चलाउने व्यापारी तथा सर्वसाधारणसँग पैसा माग्ने, अपराधीसँग मिलेर रकम लेनदेन गर्ने लगाएतको आरोप लाग्ने गरेको छ ।

इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी श्रीराम भण्डारीले घुमुवा विजय यादवले व्यापारीसँग पैसा लिएको बारे आफूले अनुसन्धान शुरु गरेको बताउँ दोषी ठहर भए कारबाही गरिने जानकारी दिए ।

# सिन्धुपाल्चोकमा पहिलोपल्ट गार्मेन्ट उद्योग सञ्चालन

**सिन्धुपाल्चोक/मस–** सिन्धुपाल्चोक जिल्लामै पहिलो पटक चौतारा साँगाचोक नगरपालिका वडा नं-५ मा गार्मेण्ट उद्योग सञ्चालन भएको छ ।

सो गार्मेन्ट उद्योगले महिला तथा पुरुषको लागि तयारी कपडा उत्पादन गर्नेछ । गार्मेन्टमा पुर्णतय लगानी दलित समुदायको भएको उद्योग सञ्चालक संयोजक हरि विश्वकर्माको बताएका छन् ।

दलित समुदाय आफैं उद्यमी बन्न अग्रसर भएपछि उद्योगलाई



थप औंजार र ब्यवस्थापन गरी व्यवसायीक बनाउन नगरपालिकाले आर्थिक २० लाख रुपैयाँ सहयोग गराएको हो । दलित समुदायका युवावर्गहरु एकजुट भएर कामगर्न थालेपछि नगर प्रमुख अमानसिं तामाङले सहयोग गरिएको जानकारी दिए । सो उद्योगमा घरेलु तथा साना उद्योग चौताराको पनि आर्थिक सहयोग रहेको संचालक समितिले जनाएको छ ।

**बालुवाटारमै...**

गठबन्धन गरेर देउवा प्रधानमन्त्री बन्न अगाडि बढेका थिए । तर ओलीले पनि एमाले र जसपाको महन्थ ठाकुर समूहको समर्थनमा प्रधानमन्त्रीमा दावी गरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले संसद् विघटनको बाटो खुला गरिदिएकी थिइन् ।

तर विघटित संसद् पुनर्स्थापना र प्रधानमन्त्री नियुक्तिको निम्ति परमादेशको माग सहित देउवा अदालत पुगे । अदालतले गएको २८ असारमा संसद् पुनर्स्थापना सहित मागदावी अनुसार फैसला गऱ्यो । यसपछि प्रधानमन्त्री नियुक्त देउवाले गएको ३ साउनमा विश्वासको मत लिए ।

तर शक्ति सन्तुलन कायम गर्नेगरी भागबण्डा नमिलेपछि देउवाले अहिलेसम्म ६ सदस्यीय मन्त्रिपरिषद् चलाइरहेका छन् । आफूसँगै काँग्रेसका दुई र माओवादी केन्द्रका दुई मन्त्रीलाई शपथ गराएका देउवाले १० साउनमा स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे ।

बाँकी मन्त्रालय भने देउवा आफैले सम्हालिरहेका छन् । देउवालाई विश्वासको मत दिएका बरिष्ठ नेता माधवकुमार नेपाल समूह सरकारमा नजाने भएपछि बाँकी गठबन्धनले मन्त्रालय भागबण्डा गर्ने तयारी भएको छ । तर दलहरु बीच र स्वयम् काँग्रेसभित्र सहमति जुट्न सकेको छैन । मन्त्रीहरु मात्रै नभएर प्रधानमन्त्री देउवाले आफ्नो नीजि सचिवालय समेत बनाउन सकेका छैनन् । स्रोतका अनुसार, प्रधानमन्त्री देउवा र पत्नी आरजु राणा बीच स्वार्थ बाझिएकाले नीजि सचिवालय बन्न नसेकेको छ ।

केही समयसम्म यसबारे आवाज नउठे पनि बिस्तारै प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार समेत गर्न नसकेकोप्रति टिप्पणी हुन थालेको छ । आइतबार राष्ट्रियसभा बैठकमा पनि यसबारे सांसदहरुले प्रश्न उठाएका थिए । विशेष समयमा सभाका सदस्यले मन्त्रिपरिषद् चाँडो विस्तार गरी प्राकृतिक विपत्ति र कोरोना महामारी रोकथाममा उच्च प्राथमिकता दिन सरकारसँग आग्रह गरेका छन् ।

बैठकमा सदस्य डा विमला राई पौड्यालले छिटो मन्त्रिपरिषद् विस्तार गर्न र सरकार संसद्प्रति जवाफदेही बन्न आग्रह गरिन् । सदस्य डा खिमलाल देवकोटाले सरकार पारदर्शीरुपमा सञ्चालन हुनुपर्नेमा जोड दिँदै ज्येष्ठ नागरिकका मुहारमा खुशी ल्याउने कार्यक्रम ल्याउन सुझाव दिए ।

सदस्य शेरबहादुर कुँवरले दार्चुलामा तुइनबाट सीमापार गर्न लाग्दा बेपत्ता भएका नागरिकका सम्बन्धमा सरकारले देशको स्वाभिमान उँचो राख्ने गरी प्रभावकारी छानविन गरी काम गर्न माग गरे ।

अर्का सदस्य जीतेन्द्रनारायण देवले विगतका समयमा आमूल परिवर्तनका लागि भएको आन्दोलनको मर्म र भावनाअनुसार नयाँ सरकारले काम गर्न र वर्तमान गठबन्धन लामो सयमसम्म अघि बढेमा संघीयता, समावेशीता, गणतन्त्र र रुपान्तरणका कार्यसूची सफल हुने बताए ।

सदस्य चक्रप्रसाद स्नेहीले छिमेकी भारतले नेपालसँग 'रोटी र बेटी'को सम्बन्ध भनिए पनि यसअनुसारको व्यवहार नभएको बताए ।

**इजरायलका...**

अर्थात सात सय जना महिला गरी एक हजार जनाले रोजगारी पाउने छन् । विभागका अनुसार रोजगारीका लागि इजरायल जानेको मासिक पारिश्रमिक नेपाली रुपैयाँ करिब एक लाख ९३ हजार हुनेछ । कामदारले खानाको प्रवन्ध आफैं मिलाउनुपर्ने छ भने बस्ने व्यवस्था रोजगारदाताले नै मिलाउने सम्झौतामा उल्लेख छ ।

सेवा सुविधा आकर्षक र सामाजिक दृष्टिले मर्यादित मानिएको इजरायलमा सन् २००९ देखि नेपालीलाई रोक लगाइएको थियो । दुवै देशका सरकार-सरकार अर्थात जिटुजीमार्फत कामदार पठाउन भएको सम्झौताअनुसार आवेदन खुला गरिएको हो । तर केही पक्षले आफुले कोटा लिएको भन्दै चलखेलको प्रयास गरेको सार्वजनिक भएको छ । महानिर्देशक दवाडीले कसैको भनसुन र चलखेलको गुन्जायस नरहेको दाबी गरे ।

**प्रन्याको ...**

नेपालको संविधानको धारा २८४ ले प्रधानान्याधीश, संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नियुक्तिको सिफारिस गर्न संवैधानिक परिषद्सम्बन्धी व्यवस्था गरेको छ । लिखित जवाफमा भनिएको छ, "संवैधानिक परिषद्ले संविधानले प्रदान गरेको अधिकारक्षेत्र भित्र रहेर संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ अनुसार गरिएका निर्णय संविधान र कानूनसम्मत नै रहेको हुँदा निवेदकको जिकिर औचित्यपूर्ण छैन ।"

नेपालको संविधानले शक्तिपृथकीकरणको सिद्धान्तलाई मूर्तरूप दिन कार्यकापालिका, व्यवस्थापिका र न्यायपालिकाको अलगअलग संरचनामा राज्यशक्तिको विभाजन गरेको छ । शक्तिपृथकीकरण विना कानूनी राज्यको अवधारणाले सार्थकता पाउन सक्दैन । कार्यकारी अधिकारका लागि कार्यपालिकाको व्यवस्था गरिएको छ, व्यवस्थापिकाको अधिकारका लागि व्यवस्थापिकाको प्रबन्ध गरिएको छ, संविधानको संरक्षण र नागरिक हक अधिकारको प्रचलनका लागि न्यायपालिकाको व्यवस्था गरिएको छ ।

"यी अङ्गको कानूनको कार्यान्वयन गर्ने, कानूनको तर्जुमा गर्ने र कानूनको व्याख्या गर्ने जिम्मेवारी संविधानले प्रदान गरेको छ, वर्तमान संविधानको भाग ९ मा सङ्घीय व्यवस्थापन कार्यविधिको शीर्षकअर्न्तगत धारा १०९ देखि धारा ११४ सम्म कानून निर्माणको प्रक्रिया व्यवस्था गरिएको छ, धारा ११४ मा अध्यादेशसम्बन्धी व्यवस्था छ", लिखित जवाफमा भनिएको छ ।

अध्यादेश ऐन सरह लागू हुने गरी जारी गरिएको कार्यकारी आदेश हो । संघीय संसद्को दुवै सदनको अधिवेशन नचलेको, तत्काल कानूनी व्यवस्था नभएर काममा बाधा भएमा र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिको सिफारिसमा जारी भएमा अध्यादेश जारी गर्न सकिन्ने लिखित जवाफमा छ ।

प्रधानन्यायाधीश राणाले तेस्रो आधार प्रस्तुत गर्दै नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) र सम्बन्धी पहिलो संशोधन अध्यादेश २०७७ जारी भएको छ । उक्त व्यवस्थाअनुसार अध्यक्ष र कम्तीमा पाँच सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था छ ।

# कैलालीमा रक्तदान कार्यक्रम सम्पन्न, ५७ जनाले गरे रक्तदान




**कैलाली/मस–**कैलालीको लम्की लेडी जेसीजको आयोजनामा भएको खुल्ला रक्तदान कार्यक्रममा महिला, पुरुष गरी ५७ जनाले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रममा व्यापारी, समाजसेवी, प्रहरी, जेसीजका कार्यकर्ता लगायत ९ जना महिलासहित ५७ जनाले रक्तदान गरेका हुन् । लम्की चुहा नगरपालिका वडा नं. १ लम्की बजारको ट्राफिक बिट नजिक गरिएको रक्तदान कार्यक्रम किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लम्की कैलालीको मुख्य प्रायोजनमा आयोजना गरिएको हो । लम्की लेडी जेसीज -२०२१ का अध्यक्ष जेसी दुर्गा गुरुङको अध्यक्षतामा सम्पन्न रक्तदान कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस लम्की चुहाका युवा नेता कमल बहादुर शाहले सकारात्मक सोच लिएर अगाडी बढ्नका लागी सबैलाई आग्रह गरेका थिए ।

रक्तदान कार्यक्रममा सुशीला शाही, लक्ष्मीकान्त जैसी, दिपेन्द्र थापा, जुगराम चोधरी, शंकर प्रसाद खतिवडा, काजल मल्ल, मिन बहादुर बटाला, राम बहादुर चलाउने, भना आचार्य, नेत्र बहादुर बडुवाल, नारायण तिमिल्सिना, पदमराज जैसी, मोहन ढुंगाना, कृष्ण प्रसाद रिमाल, टेकेन्द्र देवकोटा, टेक बहादुर नामजानी, केशर जंग आचार्य, जनक बुढा, मनिषा शाही, जीवन प्रसाद भट्ट, प्रयागराज खनाल, आदिल शाही, कविराम जैसी, शेर बहादुर दमाई, दिनेश भण्डारी, नविन, राहुल बिक, दयाराम न्यौपाने, चक्र उपाध्याय, शंकर सुनार, हेमन्त न्यौपाने, सुरेश आचार्य, रामलखन चौधरी, देवेन्द्र रावल, अनिल बेढाथोकी, नर्मदा न्यौपाने, कर्ण प्रसाद प्याकुरेल, समीर बगोटी, बल बहादुर परियार, सुस्मिता परियार, बम बहादुर बढाथोकी, उर्मिला जोशी, जीवन कुमारी बम, लोकेन्द्र साउद, भक्त बहादुर चलाउने, लमकी ईलाका प्रहरी कार्यालयका प्रहरी हवलदार थिर बहादुर साउद, लम्की ट्राफिक प्रहरी कार्यालयका गणेश बहादुर सापकोटा, केशर बहादुर बगोटी, वीरेन्द्र ढकाल, विवेक जंग शाह, उमेश शाही, बिजया कार्की लगायतले रक्तदान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि नेपाली कांग्रेस लम्की चुहाका युवा नेता कमल बहादुर शाह, विशेष अतिथि किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लम्की चुहाका महाप्रबन्धक जेसी डम्बर शाह, बौनिया जेसीज २०२१ का अध्यक्ष गणेश जोशी, लम्की जेसीजका अध्यक्ष घन श्याम खत्री, लम्की लेडी जेसीजका अध्यक्ष दुर्गा गुरुङ लगायतले आ-आफना विचार राखेका थिए । लम्की लेडी जेसीजका महासचिव शान्ति चन्दद्वारा सञ्चालित कार्यक्रममा विशिष्ट अतिथि लम्की चुहा नगरपालिका वडा नं. १ का वडाअध्यक्ष जनक बहादुर बम, नेपाली कांग्रेस क्षेत्रीय सभापति भक्त बहादुर थापा, नेपाली कांग्रेस नगर सभापति रामबहादुर बिष्ट, नेपाल रेडक्रस सोसाइटी लम्की चुहाका सभापति रंग तिमिल्सिना, बौनिया जेसीजका पूर्वअध्यक्ष जेसी लीला जंग शाही, २०२१ का अध्यक्ष गणेश जोशी लगायत सहभागि भएका थिए ।

सो रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जका सुनिल थापा मगर, एलिजा चौधरी, बैकुण्ठ रेग्मी, बीरेन्द्र योगी र कोहलपुर रक्त संचार सेपा केन्द्रका राजेन्द्र महतरा, सन्दिप आचार्य, रुपा कुँवर, पवन जायसवाल लगायतले प्राविधिक सहयोग गरेका थिए ।

# निङ्गलाशैनी माविले दिन थाल्यो शिक्षकहरुलाई कम्प्युटर तालिम

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २४ साउन

गोबरैयास्थित निङ्गलाशैनी माध्यमिक विद्यालयका शिक्षकहरुका लागि आधारभूत कम्प्युटर तालिम सञ्चालन गरिएको छ । विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउन शिक्षकहरुका लागि कम्प्युटर तालिम सञ्चालन गरिएको छ । सात दिनसम्म चल्ने तालिममा विद्यालयका २० जना शिक्षक सहभागी भएका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष निरञ्जनप्रसाद भट्टले आइतबार तालिम उद्घाटन गरेका छन् । उनले विद्यालयलाई सूचना र प्रविधिमैत्री बनाउन शिक्षकहरुलाई तालिम आवश्यक भएको उल्लेख गर्दै आगामी दिनमा निरन्तरता दिइने बताए ।

'अहिलेको युग कम्प्युटर, विज्ञान र प्रविधिको हो, कम्प्युटर अहिले हामी सबैको अनिवार्य आवश्यकता भइ सकेको छ' उनले भने,' विद्यालयमा कम्प्युटरबाट पठपाठन सहज हुने अपेक्षा गरी यो तालिम सञ्चालन गरिएको छ ।' अध्यक्ष भट्टले तालिमबाट सहभागी सबै शिक्षकहरुको कम्प्यटर सम्बन्धी ज्ञान सीप बढने आशा व्यक्त गर्दै शिक्षकहरुलाई तालिमबाट कम्प्युटर शिक्षा पठनपाठन प्रभावकारी हुने बताए । तालिममा गणेश प्रसाद भट्ट सहजकर्ता छन् । विद्यालयका प्रधानाध्यापक भवानी पन्तले कम्प्युटर सम्बन्धी तालिमले विद्यालयलाई सूचना प्रविधिको क्षेत्रमा एक पाइला अघि बढाएको बताए । 'जिल्लामा शिक्षकहरुका लागि शायद कुनै पनि विद्यालयमा यस्तो तालिम सञ्चालन भएको छैन' उनले भने,'यसले निङ्गलाशैनी मावि सूचना प्रविधिमा अघि बढेको देखिन्छ, यसमा सबैको साथ र सहयोगको आशा गरेका छौं ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भट्टले गत वर्ष विदेशबाट कम्प्युटर सहयोग जुटाएका थिए ।

# बाँकेमा कोरोनाबारे सचेतना, अनुगमन तथा मूल्याङ्कन गोष्ठी सम्पन्न

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २४ साउन

बाँकेको ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्रद्वारा आयोजित बचत समूहहरुद्वारा सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गोष्ठी आइतबार सम्पन्न भएको छ ।

केन्द्रका अध्यक्ष लता शर्माको अध्यक्षतामा सम्पन्न गोष्ठीमा नेपालगन्ज उपमहानगरपालिका वडा नं.१,३,४,५ र १८ मा रहेका महिला बचत तथा ऋण परिचालन समन्वय समिति अन्तर्गत रहेका विभिन्न महिला समूहहरुको आर्थिक वर्ष २०७७/०७८ को बचत, बचत परिचालन, ऋण लगानी, असुली तथा भाका नाघेको ऋण लगायतको वास्तविक अवस्थाका बारेमा केन्द्रका उपाध्यक्ष तारा केसीले जानकारी गराएकी थिइन् । सो गोष्ठीमा केन्द्रका कोषाध्यक्ष ममता आचार्यले वार्डहरुमा रहेका महिला बचत तथा ऋण परिचालन समन्वय समिति अन्तर्गत रहेका विभिन्न महिला समूहहरुको आर्थिक वर्ष २०७७/०७८ को बचतको वास्तविक अवस्थाका बारेमा



जानकारी गराएकी थिइन् ।

आवश्यक स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी आयोजित सो गोष्ठीमा नेपालगन्ज मेडिकल कलेजका मेडिकल अधिकृत डा. मोहम्मद आजमले कोरोना संक्रमणको परिचय र यसबाट बच्ने उपायका बारेमा जानकारी दिए । ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्रद्वारा सञ्चालित सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा समेत कार्यरत डा. आजमले सरकारद्वारा जारी गरेको न्यूनतम स्वास्थ्य मापदण्डको पालना गरेर आफु बाँचेर समुदायलाई बचाउन आग्रह गरे । अध्यक्ष लता शर्माले कोरोना संक्रमणले बाँके जिल्लामा धेरै जनाको ज्यान लिएको कहालीलाग्दो अवस्था भोगेका हामीले यसबाट केही सकारात्मक कुरा पनि सिकेको भन्दै बेलाबेलामा हात खुट्टा धुने, सरसफाई गर्ने, स्वास्थ्य सतर्कता अपनाउने, अनुशासनमा बस्ने, मास्क लगाएर धुवाँ धुलोबाट बच्ने जस्ता राम्रा कुराहरु पनि अनुसरण गरेको बताइन् । सो गोष्ठीमा सहभागीहरुलाई मास्क पनि वितरण गरिएको थियो । सो गोष्ठीमा केन्द्र नं. ४ की अध्यक्ष सीता काफ्ले, केन्द्र नं. ३ की अध्यक्ष कमला ज्ञवाली, केन्द्र नं. ६ की अध्यक्ष जीवकला अधिकारी, केन्द्र नं. ७ की कोषाध्यक्ष रुपा विष्ट, केन्द्र नं. ५ की अध्यक्ष विष्णु माया मल्ल लगायतले कोरोना संक्रमणको अनुभव आदान-प्रदान गरेका थिए ।

# आजदेखि अस्ट्राजेनिका खोप लगाइने

**काठमाडौं/मस-** सरकारले आजदेखि अस्ट्राजेनिका खोप दिने भएको छ । पहिलो मात्रामा कोभिशिल्ड खोप लगाएर दोस्रो मात्राको खोपको पर्खाइमा रहेका १४ लाख जना नागरिकलाई यो खोप दिइने स्वास्थ्य तथा जनसंख्या मन्त्रायलयले जानकारी दिएको छ ।

दोस्रो डोज खोपको पर्खाइमा रहेका ६५ वर्ष र सोभन्दा माथि उमेर समूहका करिब १४ लाख जना नागरिकलाई अस्ट्राजेनिकाको खोप दिन लागिएको हो ।

साउन २५ गतेदेखि अस्ट्राजेनिका खोप अभियान सुरू हुने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागका निर्देशक तारानाथ पोखेलले जनाएका छन् । कोभिशिल्ड खोप पहिलो मात्रा लगाएर दोस्रो मात्राको प्रतिक्षामा रहेकालाई अस्ट्राजेनिका खोपको दोस्रो मात्रा दिने तयारी छ ।

दोस्रो मात्रा दिई बाँकी रहेको खोप भने विभिन्न रोगका बिरामीलाई प्राथमिकतामा राखेर दिइने विभागले जनाएको छ ।

यसैबीच जापान सरकारले नेपाललाई अनुदानमा दिएको कोरोनाविरुद्धको करिब तीन लाख खोप आइपुगेको छ । कोभ्याक्स सुविधाअन्तर्गत पहिलो चरणमा एस्ट्राजेनेकाको तीन लाख मात्रा खोप आइपुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिए । जापानले नेपाललाई १६ लाख मात्रा एस्ट्राजेनेकाको खोप दिने बताएको



थियो । जापानबाटै शनिबार पाँच लाखमात्रा खोप आएको थियो । बाँकी खोप एक सातापछि आउने मन्त्रालयले जनाएको छ । यसअघि शुक्रबार भुटानबाट दुई लाख ३० हजार मात्रा कोभिशिल्ड खोप प्राप्त भएको थियो । जापानबाट प्राप्त खोप पहिलो मात्रा लगाएका नागरिकलाई लगाइनेछ ।

हालसम्म खरिद र अनुदान गरेर करिब एक करोड मात्रा खोप स्वदेश आइपुगेको छ । नेपालले ६० लाख मात्रा खोप खरिद गरेको छ । चीनबाट ४० लाख भेरोसेल र भारतबाट २० लाख कोभिशिल्ड खोप खरिद गरिएको छ । भारतबाट खरिद गरिएकामध्ये १० लाख मात्रा खोप अझैसम्म आपूर्ति भएको छैन । यसैगरी भारतबाट अनुदानमा ११ लाख कोभिशिल्ड ९नेपाली सेनासहित० प्राप्त भएको छ ।

चीनबाट १८ लाख मात्रा भेरोसेल खोप अनुदानमा प्राप्त भएको छ । यस्तै गाभीबाट तीन लाख ४८ हजार कोभिशिल्ड र अमेरिकाबाट १५ लाख ३४ हजार जे एण्ड जे खोप अनुदानमा प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

खोपको नियमित आपूर्ति हुन थालेपछि सरकारले खोप केन्द्र पनि थप गरिएको छ । खोप केन्द्रमा भीडभाड देखिएको र खोप लगाउनेबाटै संक्रमण फैलनसक्ने देखिएपछि सरकारले एक हजार ४३३ खोप केन्द्र थप गरेको हो । पहिले दुई हजार ९८९ खोप केन्द्र भएकामा अहिले त्यो संख्या चार हजार ४२२ पुऱ्याइएको छ । काठमाडौं उपत्यकामा ८३ खोप केन्द्र थप गरी १४९ पुऱ्याइएको छ ।

# कोरोना सन्त्रासः पर्यटन व्यवसायीहरूको करोडौं लगानी जोखिममा

पूर्व पश्चिम राजमार्ग अन्तरगत इटहरीको पश्चिमलाइन अवस्थित पेरिस होटल गएको वर्षदेखि बन्द भएको छ । गत वर्ष पहिलो चरणको कोरोनाबाट थला परेको होटल स्थानीय बैंकको कर्जा चुक्ता गर्न नसक्दा बन्द हुन पुगेको हो । आन्तरिक पर्यटकहरूलाई लक्षित गरी खोलिएको उक्त होटल लगाउन उठाउन नसकेर बन्द हुन पुगेको छ । त्यस्तै इटहरी ६ विपि चौकस्थित सगुन होटल यो वर्ष देखा परेको नयाँ भेरियन्टसहितको दोस्रो चरणको कोरोना संक्रमणका कारण बन्द हुन पुग्यो । इटहरी जस्तो शहरमा महंगो सटर भाडा र लगानी उठाउनै मुस्किल परेपछि सो होटल पनि बन्द हुन पुगेको हो । यो वर्ष कोरोना संक्रमणकै कारण इटहरीमा साना तथा ठूला गरी ९ वटा होटलहरू बन्द भएको होटल व्यवसायी संघ इटहरीले जनाएको छ । सरकारले जोखिमको बेला व्यवसायी हकहितका लागि लाभहुने र राहतको प्याकेज ल्याउन नसकेपछि लाखौं लगानी गरी खोलिएका होटलहरू धमाधम बन्द हुने अवस्थामा पुगेको होटल व्यवसायी संघ इटहरीका उपाध्यक्ष प्रकाश महतोले मध्यान्हलाई बताए ।

यस वर्ष देखा परेको दोस्रो चरणको कोरोणाबाट साना लगानीका होटलहरू धेरै प्रभावित



**इटहरी डायरीः** तेजबहादुर बन/मध्यान्ह

हुन पुगेको संघको अवधारणा छ । इटहरीमा गएको बैशाख देखि साउन सम्ममा ६ वटा साना र ३ ठूला गरी ९ वटा होटलहरू बन्द भएको संघले जनाएको छ । आन्तरिक तथा बाह्य पर्यटकहरूलाई लोभ्याउन र स्वदेशी उत्पादनलाई विशेष प्राथमिकताका साथ नेपाली मौलिक खानाको पनि प्रवर्द्धन गर्दै स्थापना गरिएका होटलहरूलाई विपतको बेला सरकाले ठोस नीति ल्याउनुपर्ने संघका उपाध्यक्ष महतो बताउँछन् ।

त्यस्तै होटल व्यवसायसँगै पछिल्लो समय कोरोनाबाट नराम्रोसँग प्रभावित बनेको पर्यटन व्यवसायीहरूको पिडा पनि उस्तै देखिएको छ । सरकारले कोरोना त्रास देखाउँदै अन्य क्षेत्रलाई खुल्ला गरिरहँदा पर्यटन क्षेत्रलाई सञ्चालनमा रोक लगाउँदै आएको छ । योसँगै पर्यटन व्यवसायीहरूको करोडौं लगानी जोखिममा परेको छ ।

आन्तरिक तथा बाह्य पर्यटहरूकालागि आकर्षक प्याकेजहरू अघि सारेर स्थापना भएका करोडौं लगानीका पर्यटकिय क्षेत्रहरू सिजनको बेला पनि सुनसान हुन पुगेपछि व्यवसायीहरूको करोडौं लगानी जोखिममा पर्दै आएको हो । बजार व्यवसाय खोल्न अनुमति दिए जस्तै पर्यटकिय क्षेत्रहरूलाई पनि सरकारले मापदण्ड तोकेर सञ्चालन गर्न दिनुपर्ने व्यवसायीहरूको भनाइ छ । करिब ३० करोडको लगानीमा हालै मात्र स्थापना भएको इटहरी २ स्थित इपिल्याण्ड एण्ड वाटर पार्क सञ्चालनमा आउन नपाउँदै कोरोनाको कहरमा परेपछि करोडौं लगानी जोखिममा परेको व्यवसायीहरूले बताएका छन् ।


सञ्चालक मध्येका भिम पौडेलले नेपालकै नमुना पार्क भनेर स्थापना गरेपनि सञ्चालन हुन नपाएपछि आफुहरूको करोडौं रकम डुब्ने खतरा देखिएको बताए । खअन्य व्यवसाय सुचारू भइरहँदा पर्यटन क्षेत्रलाई पनि स्वास्थ्य मापदण्ड बनाएर सञ्चालन गर्न पाउनुपर्ने पर्यटन व्यवसायहरूको माग छ । कोरोना रोकथाम तथा न्यूनिकरणका लागि प्रशासनले जारी गरेको लकडाउन खुकुलो हुँदै गएपनि पर्यटन क्षेत्रलाई अझैं बन्दि बनाइदा व्यवसायीहरू मर्कामा परेको पर्यटनविद् तथा होटल प्रिमियर एण्ड स्कुलका सञ्चालक सुनिल भुसाल बताउँछन् । त्यस्तै सरकारले सबै नागरिकहरूलाई खोपको व्यवस्था गरी पर्यटन क्षेत्रलाई सञ्चालनको अनुमति दिनुपर्ने अन्यथा मारमा परेका व्यवसायीहरूलाई तत्काल राहतको प्याकेज ल्याइनुपर्ने अर्का पर्यटनविद् तथा तालतलैया संरक्षण समितिका अध्यक्ष वीरबहादुर मगरले बताए ।

# नुवाकोटमा निषेधाज्ञाको समयमा सिकाइ निरन्तरताको लागि अतिरिक्त क्रियाकलाप

**दिवस ढकाल/मध्यान्ह**
नुवाकोट, २४ साउन

रुम टू रीड नेपालको आर्थिक तथा प्राविधिक सहयोग र रुडेक नेपालको व्यवस्थापनमा नुवाकोटको ४८ वटा सामुदायिक विद्यालयमा एकिकृत साक्षरता कार्यक्रम सञ्चालन गरिएको छ ।

रुम टु रीड र रुडेक नेपालको साझेदारीमा नुवाकोटका सामुदायिक विद्यालयहरुमा निषेधाज्ञाको समयमा बालबालिकाहरुको सिकाइ निरन्तरताको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेका छन् । कोरोना भाइरस कोभिड-१९ संक्रमणको दोश्रो लहरका कारण विद्यालयहरु बन्द भई विद्यार्थीहरु घरमै रहेको अवस्थालाई मध्यनजर गर्दै घरमै रहेका विद्यार्थीहरुको सिकाइ निरन्तरताको लागि रुम टू रीड र रुडेक नेपालको सहजीकरणमा



सिकाइ निरन्तरताका लागि नुवाकोटका ४८ वटा साक्षरता कार्यक्रम लागु भएका सामुदायिक विद्यालय अन्तर्गतका कक्षा १ र कक्षा २ का बालबालिकाहरुको सिकाइ निरन्तरताको लागि अनलाइन अतिरिक्त क्रियाकलाप प्रतियोगिता आयोजना गरिएको हो ।

कक्षा १ को लागि 'अनुलेखन क्रियाकलाप' र कक्षा २ को लागि 'शब्द निर्माण क्रियाकलाप' प्रतियोगितामा नुवाकोटका साक्षरता कार्यक्रम सञ्चालित ४८ वटा सामुदायिक विद्यालयका बालबालिकाहरूको सक्रिय सहभागिता रहेको रुडेक नेपाल साक्षरता कार्याक्रम संयोजक फुर्बा घलेले जानकारी दिए ।

प्रतियोगितामा कक्षा १ 'अनुलेखन' प्रतियोगितामा भृकुटी मा.वि. का छात्रा अशुजा भुजेल प्रथम, शान्तिविद्या आ.वि.का छात्र श्रवन स्याङ्ताङ् द्वीतीय, इन्द्रेस्वर आ.वि.का छात्र गौतम वि.क. तृतीय र कालिका मा.वि. पञ्चकन्याका छात्र अनुप अधिकारी सान्त्वना हुन सफल भएका थिए भने कक्षा २ 'शब्द निर्माण' प्रतियोगिता अन्तर्गत रामचन्द्र आ.वि.का छात्रा अकेशा श्रेष्ठ प्रथम, संकृत मा.वि.का छात्रा स्रिस्टी मिजार द्वितीय, श्री सूर्यमती मा.वि.का छात्रा प्रतिभा श्रेष्ठ तृतीय र श्री कालिकादेवि मा.वि. गुर्जेका छात्रा सुशिला मिजारले सान्त्वना स्थान प्राप्त गर्न सफल भएको रुडेक नेपालले जानकारी दिएको छ । विद्यार्थीलाई उचित पुरस्कार तथा डिजिटल प्रमाण पत्रसहितको उत्साह एवं सम्मान कार्यक्रम रहेको रुडेक नेपालका अध्यक्ष मीनकुमार के.सी.ले जानकारी दिए । उक्त क्रियाकलापमा सहभागिता जनाउने विद्यालय, विद्यार्थी, शिक्षक र सहजीकरण गर्ने साक्षरता सहजकर्ता सबैलाई रुम टू रीड कार्यालयका निमित्त प्रबन्धक राधाकृष्ण हुमागाईंले धन्यवाद व्यक्त गरेका छन् ।

# विश्व हिन्दु महासंघको जग्गा हडप्दै महानगर

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २४ साउन

विश्व हिन्दु महासंघको जग्गा मिचेर काठमाडौं महानगरपालिका वडा नं ३ ले वारुण यन्त्रको भवन निर्माण गर्न लागेको महासंघले आरोप लगाएको छ ।

महासंघले आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी सो जानकारी गराएको हो । महासंघको वाँसबारीस्थित कित्ता नं ५०६ को ०–८–० आना क्षेत्रफलको जग्गा र महासंघको अर्को कित्ता नं –८७, ५४, २२, २३, ८३, र २०७ सँग जोडिएको सो जग्गा भित्र महानगरले वारुण यन्त्रको भवन निर्माण गर्न लागेको संघका महासचिव अस्मिता भण्डारीले पत्रकार सम्मेलनमा जानकारी गराइन् ।

सो जग्गा नेपाल सरकारको मन्त्रिपरिषदले २०६० पुस १७ गतेको निर्णयअनुसार तत्कालिन शाही जंगी अड्डा (नेपाली सेना)ले महासंघलाई बेचविखन र नामसारी गर्न नपाउने गरी नेपाल सरकारको स्वामित्वमा रहनेगरी भोग चलन मात्र गर्न दिएको रक्षा मन्त्रालयको पत्रबाट खुल्न आएको छ ।

साथै, बारुणयन्त्र निर्माणको लागि निर्माण कम्पनी महालक्ष्मी/बटुक सफल जे.भी. सँग निर्माण सम्झौँता भई काम सञ्चालन हुँदै गरेको र जेसीबी लगाउने क्रममा विश्व हिन्दु महासंघको भवनको संरचनामा



**मन्त्रिपरिषदले २०६० पुस १७ गतेको निर्णयअनुसार तत्कालिन शाही जंगी अड्डा (नेपाली सेना)ले महासंघलाई बेचविखन र नामसारी गर्न नपाउने गरी नेपाल सरकारको स्वामित्वमा रहनेगरी भोग चलन मात्र गर्न दिएको रक्षा मन्त्रालयको पत्रबाट खुल्न आएको छ ।**

दख्खल पर्नेगरी काम गरिरहेकोले उच्च अदालत पाटनको आदेश पश्चात निर्माण कार्य स्थगित भएको भण्डारीले जानकारी दिइन् । 'यो एक प्रकारको विश्वभरिका हिन्दुहरु प्रतिको आक्रमण हो', कृष्ण प्रणामीका अध्यक्ष श्याम केसीले भने । यस संस्थामा आबद्ध ५४ संघसंस्था र ५८ विभिन्न सहयोगी संस्थाहरु छन् । ती संघसंस्थाहरु यस्तो प्रकारको आक्रमणको घोर भत्सना गर्ने र यसरीनै अटेर गरी निर्माणकार्य अगाडी बढाएमा जस्तै किसिमको आन्दोलन गर्न पनि तयार रहेको प्रणामी संघले जनाएको छ ।

महासंघलाई कुनै जानकारीनै नदिँई आफ्नै जग्गामा संरचना बनाउन थालेपछि संघको केन्द्रीय सदस्य मिना सुवेदी आक्रोशित बनेकी छिन् । उनले सो निर्माण कार्य तुरुन्त रोकेर अन्यत्र बनाउन र यसको क्षतिपूर्तीसहित विश्व हिन्दु महासंघलाई तिर्नुपर्ने बताउँदै आएकी छिन् ।

महासंघले भवन बाहेकको २० रोपनी जग्गाको गुरुयोजना पनि सार्वजनिक गरेको छ । गुरुयोजना अनुसार व्यापारिक भवन, सुरक्षा भवन, हिती (ढुङ्गे धारा), पार्किङ, शैक्षिक केन्द्र, सूचना केन्द्र, चौतारा, मण्डप, पुल, मनोसामाजिक केन्द्र आदि गरी २३ किसिमका विभिन्न संरचनाहरु बन्नेछन् । सो गूरुयोजनाबाट ११२ वटा संघसंस्थाहरु प्रत्यक्ष लाभान्वित हुनेछन् भने देश विदेशबाट धार्मिक कार्यका लागि आउने पाहुनाहरुलाई पनि बस्ने वातावरण मिल्ने छ ।

## इटहरी डायरीः

### सुष्मा गोदावरी कलेजका ४ विद्यार्थी सम्मानित

सुनसरीको इटहरीस्थित सुष्मा गोदावरी कलेजले आफ्ना चार जना विद्यार्थीहरुलाई सम्मान गरेको छ । एमबीबीएस र इञ्जिनियरिङ तर्फको प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएपछि आइतबार एक औपचारिक कार्यक्रमबीच उनीहरुलाई सम्मान गरिएको हो ।

कलेजले एमबीबीएसतर्फ नाम निकाल्न सफल विद्यार्थीद्वय शिशिर शाही र राहुल सुब्बा, इञ्जिनियरिङतर्फ नाम निकाल्न सफल विद्यार्थीद्वय दर्शन कोइराला र आयुष अधिकारीलाई सम्मान गरेको हो । कक्षा ११ र १२ मा आफ्नो कलेजमा अध्ययन गरेका विद्यार्थीहरुले चिकित्सा शास्त्र तथा इञ्जिनियरिङतर्फ नाम निकाल्न सफल विद्यार्थीहरुलाई एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको प्राचार्य वोधराज नेपालले मध्यान्हलाई जानकारी दिए । पूर्ण छात्रवृत्तिमा अध्ययनका लागि नाम निकाल्न सफल विद्यार्थीहरुलाई कलेजको तर्फबाट नगद पाँच/पाँच हजारसहित दोसल्ला, अविर लगाएर सम्मान गरिएको छ । सम्मानित विद्यार्थीहरुलाई कलेजका प्राचार्य नेपाल, डारेक्टर सुकदेव घिमिरे र पेशल पोखरेलले सम्मान गरेका थिए ।

### सुन्दरहरैचामा १२ सय व्यवसायीलाई कोरोना खोप

मोरङको सुरूनदरहरैचास्थित सुन्दरदुलारी उद्योग वाणिज्य संघको पहलमा त्यस क्षेत्रका १२ सय व्यवसायीका लागि आइतबारबाट कोरोना विरूद्धको खोप लगाउने अभियान शुरू भएको छ । उद्योग वाणिज्य संघको मातहतमा रहेका १२ सय जना व्यवसायीहरूलाई लक्षित गरी आइतबारबाट कोरोनाविरुद्धको जोनसोन एण्ड जोनसन खोप लगाउन शुरू गरिएको हो । स्वास्थ्य कार्यालयसँग १२ सय डोज खोप माग गरेपनि कार्यालयले पहिलो चरणमा उद्योग वाणिज्य संघलाई ४ सय डोज खोप उपलब्ध गराएपछि सोहि परिमाण अनुसार व्यवसायीहरूलाइ खोप लगाउन शुरू गरिएको सुन्दरदुलारी उवासंघका अध्यक्ष किशोर कुमार कार्कीले बताए ।


**कतारमा रोजगार** | १. कम्पनीः AMASY FOR HOSPITALITY & SERVICES
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७७/१२/०४ चलानी नं.: ६०१५५७३४ L.T. No.: 237444 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward (Female) | 0 | 2 | स. काममा दक्ष | 1400 | ४५,५१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः CENTURY RESTAURANT
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०१/१७ चलानी नं.: ६०१५८४८८ L.T. No.: 240514 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Salesman | 1 | 0 | | 1400 | ४५,५१४ | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३२,५१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Mahagadhi Overseas P. Ltd.
Govt. Lic. No. 1282/074/075
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com

**साउदीमा रोजगार** | कम्पनी : ABDULLAH IBRAHIM SAEED TRANSPORT EST.
शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६१२०४ L.T. No.: 243364

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |



अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।



Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

**कतारमा रोजगारको अवसर** | कम्पनी : ELECTROWATT
शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/२० चलानी नं.: ६०१५९६४२ L.T. No.: 241984 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 39 | 0 | स. काममा दक्ष | 1000 | ३२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |



अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।



INTERNATIONAL JOB LINK PVT. LTD.
Govt. Lic. No.: 700/063/064
Bhimsengola-9 old Baneshor, Kathmandu, Tel: 4585541, P.O. Box: 11412
Email:info@intljoblink.com.np, Website: www.intljoblink.com.np

## सम्पादकीय

# 'भर्ती केन्द्र'को दुष्परिणाम

प्रधानमन्त्री शेरबहादुर देउवाले भूमि सम्बन्धी आयोग खारेज गरेपछि प्रमुख विपक्षी दल नेकपा एमालेले देशभर विरोध प्रदर्शन गरिरहेको छ । एमालेको विभिन्न जनसंगठनले राजधानी उपत्यका सहित प्रदर्शन गरिहेका छन् । आइतबार नेपाल भूमिहीन सुकुम्बासी संगठनले प्रदर्शन गरेको छ । सांसद शान्ता चौधरीको नेतृत्वमा निस्किएको प्रदर्शनले भूमि आयोग पुनर्स्थापनाको माग गरेका छन् । एमालेका अन्य जनसंगठनहरूको माग पनि भूमि आयोग पुनर्स्थापना नै हो । एमालेले बक्तव्य नै जारी गरेर भूमि आयोग खारेजीप्रति आपत्ति जनाएको थियो । प्रवक्ता प्रदीप ज्ञवालीले जारी गरेको बक्तव्यमा वर्तमान सरकारले संविधान प्रदत्त नागरिकको अधिकार खोस्ने मनसायले भूमि आयोग खारेज गरेको आरोप लगाएको थियो । भूमि आयोग खारेजीप्रति आपत्ति जनाउनुको कारण भने संविधान प्रदत्त नागरिकको अधिकार खोसिएको चिन्ताका कारणले मात्रै होइन ।

बरू, देखिने तथ्य भने एमाले नेतृत्वको सरकारले गठन गरेको आयोग खारेजी गरिनु हो । अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले गएको वैशाखमा मात्रै आयोग गठन गरेका थिए । उक्त आयोगमा एमालेकै नेता देवी ज्ञवालीको नेतृत्व थियो भने देशभर एमालेकै कार्यकर्ता नियुक्त गरिएको थियो । राजनीतिक संकट चर्किएका बेला ओली नेतृत्वको सरकारले आयोग गठन गरेर हरेक जिल्लामा नियुक्ति दिएका थिए । त्यस्तो नियुक्ति एमालेको पनि ओली समूहमा रहेका कार्यकर्ताले मात्रै पाएका थिए । त्यसैले एमालेको आक्रोश स्वभाविक छ । तर सुकुम्बासी समस्या समाधान गर्न भूमि आयोग गठन गर्ने चक्र भने बहुदलीय व्यवस्था स्थापना पछि पनि लामै शृङ्खला देखिन्छ ।

हरेक पटक सरकार परिवर्तन भएसँगै भूमि आयोग बन्ने गरेको छ । राजनीतिक अस्थिरताका कारण कतिपय आयोगले त सामान्य कामै नगरी अर्को आयोग बन्ने गरेको छ । तर मुलुकमा अहिले पनि १६ लाख भूमिहीन रहेको दावी गरिदै आएको छ । आयोग बन्ने र विघटन हुने तथ्य जस्तै भूमिहीनले भूमि नपाउने तथ्य पनि उत्तिकै प्रष्ट कायमै छ । अर्थात् प्रष्ट भन्न सकिन्छ– भूमिहीनको संवेदनालाई राजनीतिक नेतृत्वले कार्यकर्ता पोस्ने र मतदातालाई आकर्षित बनाउन भन्दा बढी लिएको देखिन्न । जबकी एमालेकै दावी जस्तै भूमि पाउनु, बाँच्न पाउनु लगायत संवैधानिक हक प्रत्याभूत गर्न पनि सुकुम्बासी समस्या हल हुन जरूरी छ । तर एमालेले पनि कार्यकर्ता भर्ती गरेर आफ्नो राजनीतिक दुनो सभ्याउने बाहेक अरू नगरेको सत्य हो । यदि भूमिहीनकै समस्या हल गर्ने चाहना थियो भने ४१ महिना सरकारको नेतृत्व गरेका ओलीले तीन महिना अगाडि मात्रै आयोग गठन गर्ने थिएनन् ।

## सामाजिक सञ्जाल



नेपालको अहिलेको न्यूनतम आवश्यकता शिक्षा र स्वास्थ्यमा भएको व्यापारिकरणलाई अन्त्य गर्ने कुरा हो । यसलाई सरकारीकरण गर्ने र सबैको पहुँचमा पुर्‍याउने विषय हो । तर, यी एनजिओ र आइएनजिओमार्फत ल्याएको आम्दानीबाट पार्टी चलाउने, शिक्षा र स्वास्थ्यमा धन्दा गर्नेबाट पुरा हुँदैन् ।

**- सन्देश अर्याल**



हाम्रा पल्लाघरे हामदेउको सुभाउ : सरकारले जनता सित भनेको मोलमा सबैजग्गा खरिद गर्ने, सोका लागी नोट छापेर किनिदिने, सब ठुटा बराबर हुने, भारू. १ लाई नेरू. १० तिर्नपर्नेमा भार्ने, जग्गा जति बहुराष्ट्रिय कम्पनिलाइ लिजमा दिने, बेकार सुकुम्बासीहरूलाई काममा लगाउने अनि भनेको जस्तो कृषी–क्रान्ती ।

**- विनोद आचार्य**



स्याबास त्रिभुवन विश्वविद्यालय ! कुनै पनि परीक्षा नरोक्ने निर्णय गरेकोमा । सबै दबाबलाई चिर्दै विश्वविद्यालयले विद्यार्थीको पक्षमा निर्णय गरेको छ । बाँकी सबै परीक्षाको भटाभट तालिका प्रकाशित गर्दा हुन्छ । हरेक दिन शहरबजार डुल्न हुने, काम गर्न हुने, परीक्षा नहुने भन्ने हुँदैन !

**- विमल पोखरेल**



दलका नेताज्युहरू, मेरो विचार तपाईंहरूसम्म कतै पुगी गयो भने दु:ख चैं नमानिदिनु होला । आजको देशको नेतृत्व गर्ने तपाईंहरू जस्तो नालायक एवं वेकम्मा राजनीति गर्ने पुस्ता यो देशमा बाँचेसम्म न सुख हुने भो, न शान्ति, न त समृद्धि नै आउँने रहेछ ।

**- मदन कुँवर**



देशको हितभन्दा सस्तो नारामा अलमलिने राजनीतिकर्मी हुँदासम्म यो सबै देखाउने मात्रै हो । भारतले बनाइसकेको टनकपुरमा सम्झौता गर्न नमान्ने, केही वर्षभित्र सकिने शारदा ब्यारेजमा हातमाथि पार्न नमान्ने तर सिंगै महाकाली सुम्पने 'राष्ट्रवाद'ले वाहवाही पाउने मुलुकमा केको समाधान ?

**- गोविन्द अधिकारी**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# मानव संशाधन विकासका प्राथमिकताका क्षेत्रहरू

गुणस्तरीय जनशक्ति उत्पादनबाट रोजगारीसँग राष्ट्रको सामाजिक तथा आर्थिक विकास जोडिन सक्छ । हरेक नागरिकको व्यक्तिगत जीवनसँग काम तथा माम जोडिएको हुनाले शिक्षा प्रणाली तथा जनशक्ति उत्पादन तथा सीपको विकास व्यवस्थापनमा राज्यका सबै निकाय तथा पदाधिकारी वर्गको प्रमुख भूमिका हुन्छ ।




● ईश्वरीप्रसाद पोखरेल

नेपाल सरकारले वि.सं. २००७ सालदेखि विभिन्न आयोग, समितिहरुबाट २०७६ सालसम्म प्राप्त सिफारिसहरुलाई अति उच्च प्राथमिकतामा राखेर मानव संसाधन विकासका पक्षमा गहन अध्ययन, विश्लेषण तथा संस्थागत अभिलेख राख्ने सिफारिस गर्दै आएको पाइन्छ । माथि वर्णित २०१३ सालपछिका २०७६ सम्मका दर्जनौं अध्ययन कार्यदलका सिफारिस, सरकारका प्रयासका बाबजुद पनि निजामती प्रशासनभित्रका चरित्रगत विकृति निमिट्यान्न हुनुको सट्टा राक्षसी आकारमा बृद्धि हुनुले धेरै चिन्तित तुल्याउँछ । अतः समग्र पक्षमा गम्भीर भएर नेपाल सरकारले पछिल्लो पटक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको जनशक्ति विकास योजना तथा समन्वय शाखाको स्थापना गरेको छ । मुलुकका लागि सबै किसिमका मानव संशाधन विकासका योजना तथा जनशक्तिको प्रयोगको यथार्थ विवरण संकलन गरी नेपाल सरकारको मन्त्रालयगत कार्यविभाजन नियमावली २०७६, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय कार्यक्षेत्रमा तोकिएका तपसिलका कार्य सम्पादन गर्न मन्त्रालय प्रतिवद्ध छ :

- शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
- मानव संशाधन, आवश्यकता प्रक्षेपण, राष्टिय शैक्षिक योजना एवम् मानव स्रोत विकास योजना ।
- शिक्षा, विज्ञान तथा प्रविधि र योजनाहरुको अध्ययन तथा अनुसन्धान गर्ने, जनशक्तिको प्रक्षेपण गर्ने, उत्पादन गर्ने र योजना र कार्यक्रम विकास गर्नेसँग सम्बन्धित कार्यहरु ।
- देशको लागि आवश्यक पर्ने विभिन्न प्रकारका जनशक्तिको प्रक्षेपण गर्ने जनशक्ति विकासका लागि योजना बनाउने र जनशक्ति विकाससँग सम्बन्धित नीति, तर्जुमा गर्ने ।
- प्रदेश तथा स्थानीय स्तरमा आवश्यक पर्ने जनशक्ति विकासका लागि समन्वयको कार्य गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा आवश्यक पर्ने जनशक्ति विकास योजनासँग सम्बन्धित रहेर समन्वय गर्ने कार्यहरु ।
- कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी नीति तथा योजना तर्जुमा सम्बन्धित कार्यहरु ।

उल्लेखित कार्यहरुको गुणात्मक कार्यसम्पादन गर्न मुलुकमा उपयुक्त जनशक्तिको सङ्ख्या निर्धारण तथा सीपवान दक्ष जनशक्तिको परिपूर्ति वा आपूर्तिको व्यवस्था अनिवार्य हुन्छ । विश्वविद्यालय लगायतका शैक्षिक संस्थाहरु तथा तालिम प्रदायक सीप विकास केन्द्रहरुलाई उचित मार्ग निर्देशन गर्न गराउन सरोकारवाला सबै सरकारी तथा बजार प्रवर्धक निकायहरुबाट उपलब्ध हुने यथार्थ विवरणले मात्र सहयोग गर्न सक्दछ । मानव संशाधन विकास सम्बद्ध शैक्षिक तथा विविध निकायहरुले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन स्पष्ट नीति, योजना, रणनीति, कार्यनीति र कार्यक्रमहरुको व्यवस्थापन तथा आफूसँग विद्यमान संरचना तथा जनशक्तिमा थपघट र सुदृढीकरण गर्न अवसर पाउन सक्दछन् । जनशक्ति विकास कार्यका लागि सर्वप्रथम शैक्षिक कार्यक्रम तथा पाठ्यक्रमको अध्यावधिकता र समसामयिक विषयसम्बद्ध योजना विकास हुनु पर्दछ । यो प्रयोजनमा मुलुकको विकास तथा समृद्धिको साझा उद्देश्य परिपूर्तिका लागि सबै सार्वजनिक क्षेत्रका नेतृत्व तहका पदाधिकारी वर्गको समान दायित्व हुन्छ । मानव जीवन र सेवामा शैक्षिक उत्पादन तथा मानव संशाधन विकासको ठूलो भूमिका रहने भएकाले शैक्षिक योजना नै मुलुकका लागि मुख्य प्राथमिकताको विषय हुन जान्छ । नेपालले इतिहासमा पहिलोपटक मुलुकका सबै क्षेत्रको मानव जनशक्ति स्रोतको पहिचान र विश्लेषण गरी वैज्ञानिक उत्पादनको थालनी गर्न शिक्षा मन्त्रालयलाई कार्यक्षेत्र तोकेर नेपाल सरकारले मानव संसाधन विकास पक्षलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ । मुलुकका समक्ष लेखको अग्रभाग, मध्यभाग तथा पृष्ठभागमा उठाइएका समस्या र चुनौती सामना गर्ने नीतिगत, योजनागत, कार्यक्रमगत समाधानका उपायहरु र कार्यान्वयन रणनीति पहिल्याउने र नतिजामा पुग्ने दक्ष र इमानदार जनशक्तिको उत्पादन गर्ने नीतिगत खाँचो देखिन्छ ।

> नेपालले इतिहासमा पहिलोपटक मुलुकका सबै क्षेत्रको मानव जनशक्ति स्रोतको पहिचान र विश्लेषण गरी वैज्ञानिक उत्पादनको थालनी गर्न शिक्षा मन्त्रालयलाई कार्यक्षेत्र तोकेर नेपाल सरकारले मानव संसाधन विकास पक्षलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।



### राष्टिय शिक्षा नीति, २०७६ का उद्देश्यहरु

सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष रहेको । ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तरराष्टिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्ने । शिक्षा प्रणालीका विभिन्न अवयवहरुमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरुको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिवद्धता र जवाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्ने । राष्टिय तथा अन्तरराष्टिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने । संघीय तहमा स्थापना हुने राष्टिय प्राविधिक तथा प्राविधिक व्यावसायिक शिक्षा र तालिम परिषदमार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्य सम्पादन गरी दक्ष प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने । प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यवहारिक समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संघ, संस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारी गर्ने प्रबन्ध गरिने ।

### पूर्वाधारको अवसर र समृद्ध बन्ने नीति

मानव संसाधन/जनशक्तिमा काम गर्ने उमेर समूह (सामान्यतया: १५ वर्ष देखि ६४ वर्षसम्म) सक्रिय श्रमशक्तिमा गनिन्छ । गुणस्तरीय जनशक्ति उत्पादनबाट रोजगारीसँग राष्ट्रको सामाजिक तथा आर्थिक विकास जोडिन सक्छ । हरेक नागरिकको व्यक्तिगत जीवनसँग काम तथा माम जोडिएको हुनाले शिक्षा प्रणाली तथा जनशक्ति उत्पादन तथा सीपको विकास व्यवस्थापनमा राज्यका सबै निकाय तथा पदाधिकारी वर्गको प्रमुख भूमिका हुन्छ । नेपालमा मानव संसाधनको वर्तमान अवस्था प्रत्येक वर्ष काम गर्न सक्ने उमेर समूहको ४ लाख हाराहारीको जनसङ्ख्या श्रम बजारमा प्रवेश गर्दछ । बिडम्बना प्राविधिक धारको शिक्षाको तुलनामा साधारण धारको सङ्ख्या धेरै गुणा बढी हुन्छ । देशमा उच्च शिक्षा हासिल गर्ने र त्यसमा पनि प्राविधिक शिक्षा पाएका जनशक्तिको एकातिर न्यूनता देखिन्छ भने अर्कोतिर ती प्राविधिकहरु आकर्षित सेवासुविधा र अवसरको खोजीमा विदेशिने चलन तीव्र बन्दै गएको छ । यसर्थ मुलुकले मानव संसाधन विकासका क्षेत्रमा तपसिलका नीति अवलम्बन गर्नु हितकारी हुनेछ ।

### राज्य तहको मानव संसाधन विकास नीति

मुलुकलाई आवश्यक पर्ने मानव संसाधनको यथोचित व्यवस्थापन गर्न मानव संसाधन (जनशक्ति) विकास नीति चाहिन्छ । जनशक्ति कसरी उत्पादन गर्ने, कहाँ प्रयोग गर्ने र उनीहरूको सीप र क्षमता अभिवृद्धि कसरी गर्ने ? आदि विषयमा राज्यको एक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोचका नीति तथा रणनीतिहरु तय हुनु आवश्यक देखिन्छ ।

कार्यक्षेत्र, सम्भावित जनशक्ति खपतका तथा रोजगारीको क्षेत्रहरु पहिचान र विकास गरी सरकार र निजी क्षेत्र तथा शैक्षिक विश्वविद्यालय, प्रतिष्ठान, तालिम निकायहरुको ती कार्यमा के कति भूमिका तथा उत्तरदायी कर्तव्य हुने यी सबै विषयहरूमा जिम्मेवारी समावेश गरिएको एउटा राष्ट्रिय मानव संसाधन विकास नीति निर्माण हुनु अति जरुरी छ ।

जनशक्ति विकास नीतिको आधारमा मुलुकका विविध योजना, आयोजना, परियोजना तथा विषयगत प्राविधिक कार्यक्रमहरू सञ्चालन गर्ने पद्धति अनिवार्य हुनुपर्ने देखियो । यसका लागि प्रदेश तथा स्थानीय तहमा समेत गुणस्तरीय जनशक्ति उत्पादन तथा प्रयोग गर्ने सरकारी, गैर सरकारी तथा निजी संस्थाहरूको पहिचान र भौगोलिक वितरणमा पनि सन्तुलितता हुनुपर्ने देखियो ।

नेपालीहरूको मौलिक परम्परागत ज्ञान, सीपप्रतिको उदासिनता र ज्ञान र क्षमताको उचित रूपमा खोज तथा अनुसन्धान जोडेर जनशक्तिको सही किसिमको उपयोग नीति बनाएर सार्वजनिक सेवाको उत्पादन तथा रोजगारको मूल खोल्नुपर्ने देखियो । मुलुक विकास र समृद्ध हुनको लागि स्थानीय ज्ञान, सीप र साधनको प्रयोग गरेर जनताका पेसागत सीप विकास तथा त्यस्ता रैथाने र वैज्ञानिक साधन, प्रविधिको र जनशक्तिको विश्व तहमा बजारीकरण हुनु आवश्यक देखिन्छ ।

मानव संसाधनको व्यवस्थापनमा शिक्षा र तालिम कार्यक्रमलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्तर निर्धारण गर्ने गुणस्तर प्रत्यायन प्रणालीको विकास गरिनु आवश्यक देखियो । राष्ट्रको आन्तरिक आवश्यकता र अन्तर्राष्ट्रिय बजारको मागलाई ध्यानमा राखेर जनशक्ति उत्पादन र प्रयोग गर्ने प्रचलनको सुरुवात गर्नु पर्ने देखायो । देशमा उपलब्ध जनशक्तिको यथार्थ स्थिति (ज्ञान र सीपसहितको विवरण) देश र विदेशमा उत्पादन/व्यवसायिक क्षेत्रमा हुने जनशक्तिको मागको सम्बन्ध हेर्ने, केलाउने र बजारीकरण गर्न सक्ने एकीकृत सूचना प्रणाली अभिलेख राख्ने र कार्यान्वयन गर्ने संयन्त्र मुलुकमा जरुरी देखिन्छ ।

मानव संसाधनको विकास तथा शिक्षामा लगानीको सवालमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिने संविधानगत नीति रहेको सन्दर्भमा उच्च शिक्षामा व्यक्तिको पहुँचलाई प्रवर्द्धन गर्न तपसिलको नीति अपनाउनु पर्ने देखियो :

क) उच्चशिक्षाका प्राथमिकता प्राप्त प्राविधिक क्षेत्रहरूमा छात्रवृतिको सङ्ख्या उल्लेखनीय रूपमा वृद्धि गरिनुपर्ने तथा त्यस्ता विद्यार्थीहरुले तोकिएको स्थानीय, प्रदेश तथा संघीय तहमा कम्तिमा १० वर्ष सरकारी निकायमा सेवा गर्नैपर्ने कानुन बनाउनु पर्ने देखियो ।

ख) शिक्षा तथा सीप विकासको लागि आवश्यक पर्ने विषय क्षेत्र/कार्यक्रमहरूमा संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले सिधैं शिक्षण संस्थाहरुलाई अनुदानको माध्यमबाट बजेट उपलब्ध गराउने र ती विद्यार्थीहरुलाई सेवा क्षेत्रभित्र एकवर्ष निर्वाहभत्तासाथ इन्टर्नसीप वा अभ्यास कार्यमा समुदायस्तरमा काम गर्न अनिवार्य गर्नुपर्ने देखियो ।

ग) विश्वविद्यालयहरूको शैक्षिक तथा अनुसन्धानका लागि उपलब्ध गराइने अनुदान पद्धतिको संरचनामा समसामयिक पुनरावलोकनबाट प्राविधिक तथा प्राथमिकता प्राप्त व्यावसायिक क्षेत्रहरूको उच्च पेसाविद, मध्यम किसिमको जनशक्ति विकासको अध्ययन तथा अनुसन्धानका क्षेत्रमा सरकारले विशेष ध्यान पुर्‍याएर शैक्षिक निकायहरुलाई आर्थिक आत्मनिर्भर बनाउने नीतिगत सर्तमा अनुदान रकममा वृद्धि गरी बजार माग अनुरुपको जनशक्तिको विकासमा जोड दिने नीतिको व्यवहारिक कार्यान्वयन हुनु पर्ने देखियो ।

*(पोखरेल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)*

# कोरोनरी मुटुरोगमा जीवनशैली परिवर्तन

मुटुरोग तथा हृदयघातवाट बच्नका लागि भोजन व्यवस्थापनको ठूलो महत्व छ । भोजनकोमात्रा भोज्यपदार्थहरुको छनौट व्यक्तिको प्रकृति, विकृति (रोग), बल, वय (उमेर), सत्व (मानसिकता) आदिको आधरमा हुन अति आवश्यक छ ।



● डा. हेमराज कोइराला

मुटुरोगबाट विश्वभर एक करोड़ ७७ लाख मानिसहरु प्रत्येक वर्ष मारिन्छन । अप्रत्यासित रूपमा अपर्झट देखापर्ने र तत्काल आवश्यक व्यवश्थापन हुन नसके ज्यानै पानी जान सक्ने यो समस्या आकस्मात देखापर्ने भएपनि यसको पछाडि लामो सिलसिला जाडिएको हुन्छ । विशेषतः कोरनरी धमिनीभित्रै आफैं रगत जम्नुको पछाडि धमिनीका भित्ताहरुहरुमा लामो समयदेखि कोलेस्टेरेल, क्याल्सियम र मृत्तकोषहरु जम्मा भएर धमनी साँघुर्‍याउने, अथेरोस्केलेरोमिस भन्ने रोग जिम्मेवार छ ।

उपरोक्त पदार्थहरु जम्मा भएर धमिनी सागुरिएको ठाउँमा धमिनीले आफ्नो लचकता गुमाउँछ र तन्तुहरुलाई रगतको माग ज्यादा भएको अवस्थामा फैलिएर अतिरिक्त रगत आपूर्ति गर्न सक्दैन । यसो हुदा साँघुरिएको ठाउँमा नसाको भित्रि पत्र जसलाई इन्टिमल लेयर भनिन्छ च्यातिन पुग्छ र रगत क्याल्सियम र कोलेस्टेरोल वनाएको खस्रो सतहको सम्पर्कमा आइ नसाभित्रै जम्न पुग्छ फलतः जमेको रगतको थेग्लाले पुरै धमिनीलाई थुनिदिन्छ । थुनिएको भागभन्दा अगाडि धमिनीले आपूर्ति गरेको हृदयतन्तहुरु अक्सिजन र पोषक तत्वको अभावमा मर्न जान्छन् । यसरी हृदयतन्तुहरु मर्न जादा मुटुले रगत पम्प गर्न सक्दैन । साथै अन्य संवेदनशिल अगंहरुमा पनि रक्त आपूर्ति हनु नसक्दा व्यक्तिको मृत्यु हुन जान्छ । अधिकतर हृदयघात मुटुलाई ज्यादा दवाव पर्ने अवस्थाहरु जस्तै चिल्लो खाना पेटभरी खाएको, रिसाएको, दुखी भएको, तनावमा परेको, विहानको समयमा, खाना खाएर सुतेको अवस्थामा र एन्जियो प्लाष्टि वा अन्य हृदयका शल्यक्रिया गर्दा गर्दै हुने गर्दछ ।

### हृदयघातका जोखिमहरु

हृदयघातका जोखिमहरुलाई उल्ट्याउन सकिने र उल्ट्याउन नसकिने गरेर दुई समूहमा विभक्त गरिएको छ । उल्ट्याउन सकिने जोखिमहरुको मूख्य कारण भनेको अव्यवस्थित जीवनशैली हो । अव्यवस्थित जीवनशैलीकै कारण ७५ प्रतिशत मुटुरोग र ९० प्रतिशत हृदयघात सम्बन्धि मुटुरोग लाग्ने कुरा विभिन्न अनुसन्धानबाट प्रमाणित भइसकेको छ । उल्ट्याउन सकिने जोखिमहरुमा मानसिक तनाव, चिन्ता, भय र उदाशिनता, उच्चरक्त, कोलेस्टेरोल, ट्राइगिलिस्राइड, एलडिएल र निम्नरक्त एचडिएल, कम एन्टिअसिडेन्ट भएको खाना, उच्चरक्तचाप, मधुमेह, मोटोपन, व्यायम र श्रमको कमी र धुम्रपान तथा सूर्तिजन्य पदार्थको सेवन, खानामा रेसा र चोकरहरुकोकमी र टायप ए व्यक्तित्व आदि हुन । उल्ट्याउन नसकिने जोखिमहरुमा उमेर लिंग र अनुवंशीक प्रभावहरु पर्दछन् । तर, आज हृदयघातको विरक्तलाग्दो तथ्यांक बृद्धिमा उल्ट्याउन नसकिनेभन्दा उल्ट्याउन सकिने जोखिमहरुको मूख्य योगदान छ । मानव र प्रकृति विचको वढ्दो दुरी, वातावरणिय प्रदूषण, मानसिक तनाव, गरिष्ठ भोजन, श्रम र व्यायमवाट पन्छिने अल्छि वानी आफ्ना हठ अडान र निर्णयप्रति अडिग रहने हठी व्यक्तित्व, शरीरको आवाज (आहार निन्द्रा, भय र मैथुन) जस्ता प्राकृतिक चाहनाहरुको उचित व्यवस्थापन गर्न नसक्नु जस्ता जीवनशैलीसँग सम्वन्धित कारकतत्वहरु हृदयघातलगायत अन्य मुटुरोगहरुको मुख्य कारक हुन् ।

### जीवनशैली परिवर्तन

जीवनशैली परिवर्तन गरेर हृदय रोग र हृदयघातको जोखिमलाई कम गर्न सकिन्छ भनि वैज्ञानिक तथ्य र आधारहरु सहित हृदयरोगको सफल उपचार गर्ने पहिलो व्यक्ति अमेरिकी चिकित्सक डा. डिनअर्निश हुन् । जीवनशैली परिवर्तन भनेको भोजन, व्यायम, विश्राम, विचार र व्यवहारको हृदयमैत्री हुनेगरी ठीक समायोजन गर्नु हो ।

### १. भोजन व्यवस्थापन

मुटुरोग तथा हृदयघातवाट बच्नका लागि भोजन व्यवस्थापनको ठूलो महत्व छ । भोजनकोमात्रा भोज्यपदार्थहरुको छनौट व्यक्तिको प्रकृति, विकृति (रोग), बल, वय (उमेर), सत्व (मानसिकता) आदिको आधरमा हुन अति आवश्यक छ । कार्वोहाइडेड, प्रोटिन, भिटामिन, लिपिड, पानी,रेशा, एण्टि अक्सिडेण्ट र खनिज तथा लवणहरुको उचित मात्राले यूक्त क्षेत्रिय र मौसमी खाद्यन्नहरु मुटुरोगका लागि राम्रो मानिन्छ । माछामासु र गेडागुडी प्रोटिनको श्रोत हुन भने फलफूल, मौसमी तरकारी, हरिया सागसव्जी, कलेजो, अण्डा र रातो मासु भिटामिनको श्रोत हुन् ।

मुटुरोगीले पूर्ण शाकाहारी हुन जरुरी छ । माछामासुमा पाइने वोसोले कोलेस्टेरोल वढाउन मद्दत गर्छ । माछामासु छाड्न नसक्नेले खसी, राँगा, वंगुर जस्ता ठूला जनावारका मासु छाडेर माछा वा लोकल कुखुराको मासु तेल नहाली उसिनेर १५ दिनमा एकपल्ट, थोरै मात्रामा खान सक्छन् । नदेखिने चिल्लो पदार्थका श्रोतहरु, बदाम, काजु, मुङ्फली, नरिवल जस्ता तौलिय फलहरु खानु हुँदैन ।

### व्यायाम व्यस्थापन

मुटुरोगीले व्यायाम गर्न भनेर कहिले पनि कठिन व्यायाम वा श्रम गर्नु हुँदैन । अंग व्यायाम, रिढ व्यायाम, सिथिलिकरण व्यायाम, प्रातः ग्रमण जस्ता हल्का व्यायाम नियमित गर्नु पर्छ । दक्ष योग गुरुबाट मुटुरोगीले गर्ने योग सिकेर नियमित योग आसन र प्रणायाम गर्नाले हृदयघातको जोखिम कम गर्नुका साथै मुटुरोग उल्ट्याउन पनि मद्दत गर्छ । व्यायामलाई दिन चर्याको मुख्य अंग बनाउनु पर्छ । व्यायाम गर्ने भनेर एकै दिन धेरै गर्ने, कहिले गर्ने कहिले नगर्ने वा मुढे बल लगाएर व्यायाम गर्नु हुन्न ।

### विश्राम व्यवस्थापन

मुटु रोगीका लागी बिश्राम, भोजन र व्यायामभन्दा पनि महत्त्वपुर्ण छ । राति चाढै खाना खाने र खाएको तीन घण्टा (पेट खाली भएपछि) मात्र सुत्ने गर्नु पर्छ । निद्रा नआउनेहरुले चिकित्सकको सल्लाह अनुसार औषधि खाएर भएपनि सुत्ने प्रयास गरौं । दिउसोसुत्ने, विहान अबेरसम्म सुत्ने, राति चाढै नसुत्ने, र खानाखानेबित्तिकै सुत्ने बानी मुटुका लागी खतरनाक मानिन्छ । सम्पूर्ण शरिरको मालिस, तैल अभ्यङ्ग, वाष्पस्नान, सउना स्नान, फोहोरा स्नान, पौडिनु, तैरीनु जस्ता उपचार पद्धतिले बिश्रामलाई बढाउँछ ।

### विचार व्यावस्थापन

वैचारिक स्तरमा आएको हरेक परिवर्तन हृदयमा प्रतिविम्वित हुन्छ । हजुर हास्दा हृदय हास्छ, हजुर रुदा हृदय रुन्छ । क्रुद्ध र भावुकहुदा हृदयपनि विचलित हुन्छ । रुग्न मानसिकता भएकाहरुको हृदय पनि चाढै रोगी हुन्छ भने स्वस्थ्य विचारको अभ्यासले हृदयलाई पनि स्वस्थ्य राख्न सहयोग गर्छ । हृदयरोगवाट बच्न अव्यवहारिक र पुरा नहुने महत्वकांक्षावाट बच्नुपर्छ । सकारात्मक चिन्तन हृदयको लागि ठूलो ओखती हो । राम्रा र नराम्रा पक्ष हरेक घटनाहरुको दुई अभिन्न पाटा हुन । हरेक घटना वा व्यक्तिको राम्रो पक्षलाई केलाउने वानी मुटुको लागि राम्रो हो ।

### व्यवहार व्यवस्थापन

हृदय हरेक व्यवहार, घटनाक्रम र दिनचार्यको साक्षी हो । तपाँईको मनको कुरो मस्तिस्कले ढाट्ला तर हृदयले दुधको दुध पानीको पानी बताई दिन्छ भने अनियमित दिनचार्यको भार पनि हृदयले प्रस्ट पारि दिन्छ । यसर्थ हाम्रो दिनचार्य र आनिबानी हृदय मैत्रि हुन जरुरी छ ।

इमेल : *hemraj.koirala@gmail.com*

# बेइजिङले कोभिड प्रभावित क्षेत्रबाट हुने आन्तरिक यात्रामा प्रतिबन्ध लगाउने



**काठमाडौं/एजेन्सी-** कोभिड-१९ को संक्रमण भएका क्षेत्रहरूबाट चीन आएका यात्रीहरूमाथि प्रतिबन्ध लगाएर कोभिड-१९ महामारी फैलिन नदिन चीनको राजधानी बेइजिङले विभिन्न उपायहरू तय गरेको छ । ग्लोबल टाइम्सका अनुसार बेइजिङमा फर्कने योजना बनाएका मध्यम वा उच्च जोखिम भएका क्षेत्रका वासिन्दाहरूलाई हवाई तथा रेल सेवाका लागि टिकट बिक्री तत्कालका लागि रोकिनेछ । बेइजिङका अधिकारीहरुले मध्यम र उच्च जोखिमयुक्त क्षेत्रमा रहेका मानिसहरुका लागि स्वास्थ्य कोडलाई अझै जोखिमको क्षेत्र सङ्केत गर्ने 'पहेँलो रङ' मा राखिनेछ ।

स्वास्थ्य संकेत हरियो भएका स्थानका मानिसहरूले भने कुनै अवरोध बिना बेइजिङतर्फ जाने विमान वा रेलमा चढ्न दिइने छ । चीनका विभिन्न प्रान्त वा सहरबाट नै राजधानी बेइजिङ जान हरियो संकेत हुनु जरुरी हुनेछ ।

चीनका थुप्रै शहरहरूमा पुनः कोभिड-१९ संक्रमित भेटिन थालेपछि र उनीहरूमा समुदायबाटै संक्रमण सरेको पुष्टि भएपछि चीनको राजधानीमा उच्च सतर्कताका लागि यो कदम चालिएको हो । चीनका १५ प्रान्त तथा नगरपालिकाहरूमा ५०० भन्दा बढी व्यक्तिमा 'डेल्टा भेरियन्ट' को प्रभाव देखिएको छ ।

बेइजिङको ड्याक्सिङ अन्तर्राष्ट्रिय विमानस्थलले नान्जिङ, याङजाउ र झाङजियाजी जस्ता संक्रमित भेटिएका र संक्रमित रहेको १५ शहरबाट उडान भर्न रोक लगाएको घोषणा गरेको छ ।

विमानस्थलका उप महाप्रबन्धक वेन वुले भने, 'बेइजिङ ड्याक्सिङ अन्तर्राष्ट्रिय विमानस्थलले नान्जिङ, याङजाउ र झाङजियाजी जस्ता १५ सहरबाट उडान मार्गलाई अर्को सूचना जारी नहुँदासम्मका लागि निलम्बन गरेको छ ।' वुले उडानमा लगाइएको प्रतिबन्ध संक्रमण बिस्तार नहोस भनेर गरिएको बताए ।

यसैबीच, नयाँ कोभिड-१९ संक्रमितको संख्या बढ्न थालेपछि बेइजिङ अन्तर्राष्ट्रिय फिल्म मेला स्थगित गरिएको स्पुतनिकले गत बिहीबारको घटनाको आधिकारिक बयान उद्धृत गर्दै रिपोर्ट गरेको छ ।

'देशका धेरै क्षेत्रहरूमा हालै महामारीको प्रकोपका कारण, सुरुमा अगस्त १४-२१ का लागि तय गरिएको ११ औं बेइजिङ इन्टरनेशनल फिल्म फेस्टिभल सामान्य सुरक्षा र स्वास्थ्यका कारण स्थगित गरिनेछ,' मेला आयोजक समितिले जानकारी गराएको छ । तथापि, आयोजकहरूले यो मेला कहिले हुनेछ भन्नेबारे केही नबताएका स्पुतनिकले उल्लेख गरेको छ ।

# अफगानिस्तानको दोस्रो प्रान्तीय राजधानीमा तालिबानको कब्जा



**काठमाडौं/एजेन्सी-** तालिबानले दोस्रो प्रान्तीय राजधानीमा पनि आफ्नो कब्जा जमाउन सफल भएको छ । अफगानिस्तानमा निरन्तर आफ्नो प्रभाव बढाउँदै लगेको तालिबानले प्रान्तीय राजधानीमा नियन्त्रण कायम गर्ने क्रम जारी राखेको हो ।

उत्तरी क्षेत्रको जोजन राज्यको राजधानी शबरगान शहर आफ्नो नियन्त्रणमा आएको तालिबानले बताएको छ। तर अफगानिस्तानको रक्षा मन्त्रालयका प्रवक्ताले भने सरकारी सुरक्षाकर्मी अहिले पनि शहरमा रहेको र चाँडै नै तालिबान लडाकुलाई हटाउने बताएका छन् ।

यसअघि शुक्रबार तालिबानले दक्षिण पश्चिमी प्रान्त निमरोजको राजधानी जारान्ज कब्जा लिएको थियो । ग्रामीण क्षेत्रमा प्रभाव रहेको तालिबानले शहरी क्षेत्रलाई पनि निशाना बनाइरहेको छ । सोही क्रममा शुक्रबार जारान्ज र शनिबार शबरगान नियन्त्रणमा लिएको हो । सरकारी सुरक्षा बलका लागि यो गम्भीर धक्का हो । अमेरिकीसहितका विदेशी सैनिकको अन्तिम समूह फिर्ता हुने क्रम जारी रहेका बेला तालिबानले आफ्नो प्रभाव बढाउँदै लगेको छ । पश्चिमको हेरात, दक्षिणको कान्दाहर र लश्कर गाहसहितका प्रमुख शहरहरु पनि तालिबानको निरन्तर दबाबमा छन् । ती क्षेत्रमा सरकारी सुरक्षा बललाई नियन्त्रण कायम गरिरहन गाह्रो परिरहेको छ । अफगानिस्तानका लागि संयुक्त राष्ट्रसंघीय दूत डेब्रा लायन्सले अफगानिस्तानमा जारी युद्ध नयाँ घातक र बिनासकारी चरणमा प्रवेश गरेको शुक्रबार बताएकी थिइन् ।

# भारतमा संक्रमितको संख्या तीन करोड २० लाख नजिक

**काठमाडौं/एजेन्सी-** कोभिड-१९ बाट अति प्रभावित मुलुकमध्ये एशियाली मुलुक भारतमा कोभिड संक्रमितको संख्या तीन करोड २० लाखको नजिक पुगेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ ।

आइतबार संघीय स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार भारतमा विगत २४ घण्टामा कोभिड-१९ संक्रमण पुष्टि भएका व्यक्तिको संख्या ३९ हजार ७० रहेको र योसँगै अहिलेसम्म कोभिड संक्रमण पुष्टि भएका व्यक्तिको संख्या तीन करोड १९ लाख ३४ हजार ४५५ पुगेको छ ।

भारतमा पछिल्लो २४ घण्टामा ४९१ कोभिड संक्रमितको मृत्यु भएको छ। महामारी सुरू भएपछि अहिलेसम्म यहाँ मृत्यु भएका कोभिड संक्रमित बिरामीको संख्या चार लाख २७ हजार ८६२ पुगेको छ। पछिल्लो २४ घण्टामा पाँच हजार ३३१ व्यक्ति कोरोना संक्रमणमुक्त बनेका छन्। योसँगै भारतभर कोभिड-१९ का सक्रिय संक्रमितको संख्या चार लाख छ हजार ८२२ रहेको छ ।

भारतमा कोभिड-१९ संक्रमितमध्ये तीन करोड १० लाख ९९ हजार ७७१ व्यक्तिमा कोरोना संक्रमण भई निको भइसकेका छन् ।


## साउदीमा रोजगार | कम्पनी : WARQAH COMPANY FOR MAINTENANCE AND CLEANING
शहर : JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०१/०५ चलानी नं.: ६०१५७५४५ L.T. No.: 239200 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 65 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ २ गते (18 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alert Overseas Pvt. Ltd.**
Govt. Lic No. 1240/074/075
Tokha Road Samakhusi, Kathmandu Nepal, Tel: 4362382
E-mail : info@alertoverseas.com.np, alertoverseas.np@gmail.com, Web.: www.alertoverseas.com.np



## साउदीमा रोजगार | कम्पनी : INTERGRATED LEADING COMPANY FOR MORDERN SERVICES LTD
शहरः JEDDAH

पुर्व स्वीकृत मितिः २०७८/०३/२८ चलानी नं.: ६०१६००५८ L.T. No.: 241744 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**शुभ हारती म्यानपावर प्रा. लि.**
बालाजु चोक, काठमाडौं, नेपाल, श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ००९७७-१-४३८७६२४, ४३८७७४६, ४३८७७४८



## Qatar मा रोजगार Sidra Agriculture Company

पूर्व स्वीकृति मिति: २०७८/०४/२४ चलानी नं. ६०१६११८९ LT No.: 243222

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labourer | 100 | [illegible] | 1000 | ३२,६८८/- | [illegible] | ८ घण्टा | ६ दिन | [illegible] | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०७८ साउन ३२ गते (Aug. 16, 2021) यस प्रा. लि. को कार्यालय, बालुवाटार, काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**
श्रम इजाजत नं.: [illegible]
बालुवाटार, काठमाडौं, नेपाल, फोन: ४४४५५५०, ४४३०००३



## साउदीमा रोजगार | कम्पनी : Aisha Salem Marzouq Al-Rashidi Factory for Industry
शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६११९९ LT. No.: 243592

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 3 | 0 | | 1800 | ५६,७१८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Believable Overseas Pvt.ltd.**
ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapathe, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



## साउदीमा रोजगार | १. कम्पनीः SALEH AWAD AL-MARRI GENERAL CONTRACTING EST
शहरः AL- NAYRIAH

पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६१२१२ L.T. No.: 243635

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः PALACE WINDOWS FACTORY FOR METAL INDUSTRIES शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६१२१० L.T. No.: 243634

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Installation Factor | 2 | 0 | स. काममा दक्ष | 1200 | ३७,८१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः ABDUL MOHSEN TURKY AL-MAHASHEER EQUIPMENT RENTAL EST. शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६१२११ L.T. No.: 243631

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५६,७१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनीः EASTERN MAMMAM COMPANY FOR TRADING AND CONTRACTING शहरः AL-KHOBAR
पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६१२०९ L.T. No.: 243632

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Plumber | 2 | 0 | | 1400 | ४४,११४ | | | | | | | |
| 3. | General Electrician | 2 | 0 | | 1400 | ४४,११४ | | | | | | | |

५. कम्पनीः EASTERN ARTEQA PLASTIC PRODUCT FACTORY शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०४/२४ चलानी नं.: ६०१६१२०८ L.T. No.: 243629

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np


## राजपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## (शिक्षा, युवा तथा खेलकुद शाखा)

राजपुर, रौतहट,
प्रदेश नं.२, नेपाल

**विद्यालयको लेखा परिक्षण सम्बन्धी सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०७८/०४/२५

यस नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको आ.व. २०७७/०७८ को लेखापरीक्षण गर्नका लागि नेपाल चार्टड एकाउन्टेन्सी (ICAN) बाट मान्यता प्राप्त इच्छुक रजिष्टर्ड लेखापरीक्षकहरुले तपसिलका विवरणहरु सहित मिति २०७८/०५/२० गते भित्र यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. लेखापरिक्षण गर्न पाउने आवश्यक पत्रहरु, नविकरण पत्र तथा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीहरु,
२. आ.व. २०७७/०७८ को कर क्लियरेन्स पत्र र भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपीहरु

**शिक्षा अधिकृत**


## साउदीमा रोजगार | कम्पनी : ABDULLAH SHALEEL BIN HABIB AL-MUTAIRI FACTORY FOR INDUDTRY
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०४/१४ चलानी नं.: ६०१६०८४९ LT. No.: 242775 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 9 | 0 | स. काममा दक्ष | 1200 | ३७,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ साउन ३२ गते (16 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AASHIN OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं. १२३५/०७४/७५
Sinamangal-9, Airport, Kathmandu, Tel.: +977-1-4469912, 4469913



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः WADHA MOFIA RABEA AL DOSARY RESTURANT FOR SERVING MEAL शहरः LADAM
